का.जि.प्र.का.द.नं. १००/०५९/६०
५ भदौ २०८२
बिहीबार
21 August 2025
Thursday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २०० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## लिपुलेकबारे भारत–चीन सम्झौता
# दबाबमा ओली



"लिपुलेकको विषयमा दुई ठुला छिमेकीले पुनः एकतर्फी सहमति गर्नु नेपालको सार्वभौमिकता, स्वाधीनता र भौगोलिक अखण्डतामाथिको ठुलो चुनौती हो ।

■ **बाबुराम भट्टराई**
**पूर्वप्रधानमन्त्री**

*नेपालले आफ्नो प्रशासनिक नक्सामा समेटेको लिपुलेकलाई भारत र चीनले व्यापारिक नाका बनाएका छन् । यस्तो सम्झौताप्रति नेपालले औपचारिक रूपमै असन्तुष्टि जनाएको छ ।*



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ भदौ

भारत र चीन सरकारले लिपुलेकलाई व्यापारिक नाका बनाएका छन् । नेपालले आफ्नो प्रशासनिक नक्सामा समेटेको लिपुलेकलाई भारत र चीनले व्यापारिक नाका बनाएका हुन् । यस्तो सम्झौताप्रति नेपालले औपचारिक रूपमै असन्तुष्टि जनाएको छ ।

परराष्ट्र मन्त्रालयले सूचना नै निकालेर नेपालको संविधानमा नेपालको आधिकारिक नक्सा समावेश भइसकेको र उक्त नक्सामा महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग रहेको तथ्यमा नेपाल सरकार स्पष्ट रहेको बताएको छ ।

नेपाल सरकारले भारत सरकारलाई सो क्षेत्रमा सडक निर्माण/विस्तार, सीमा व्यापारजस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको बेहोरा पनि विदितै रहेको सूचनामा उल्लेख छ । सो क्षेत्र नेपाली भू-भाग रहेको विषय मित्रराष्ट्र चीनलाई समेत जानकारी गराइसकिएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

नेपाल-भारतबीच रही आएको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावनाअनुसार ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, >>> पृष्ठ २ मा

## मानव बेचबिखन अपराध हो

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव वेचविखन मानिने कार्य हुन् ।

***यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।***

नेपाल सरकार
विज्ञापन बोर्ड

## उपसभामुख हटाउने नीतिमा
# कांग्रेस विभाजित

*कांग्रेसभित्र महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा शेखर कोइराला पक्षले उपसभामुख हटाउने प्रयासको खुलेरै विरोध गरेका छन् ।*



"उपसभामुख इन्दिरा रानाले नेपालस्थित अमेरिकी दूतावासलाई पत्र लेख्नु गम्भीर गल्ती भए पनि उनलाई पदमुक्त गर्न अनुपयुक्त छ ।

■ **विश्वप्रकाश शर्मा**
**महामन्त्री, कांग्रेस**

**जीवन शर्मा, मध्यान्ह**
काठमाडौं, ४ भदौ

प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा राना मगरलाई पदबाट हटाउने नीतिमा कांग्रेस विभाजित भएको छ । उपसभामुख हटाउने गरी कांग्रेस र एमाले सांसदहरूको हस्ताक्षर नै संकलन सुरु भइसकेको छ । तर, यसले कांग्रेसभित्र विभाजन देखापरेको हो । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा शेखर कोइराला पक्षले उपसभामुख हटाउने प्रयासको खुलेरै विरोध गरेका छन् ।

साढे दुई वर्षपहिले काठमाडौंस्थित अमेरिकी राजदूतावासलाई आफूले इच्छ्याइएका व्यक्तिको भिसा प्रक्रिया अगाडि सारिदिन पत्र लेखेर विवादमा मुछिएकी उपसभामुख मगरलाई पदीय आचरणविपरीत काम गरेको भन्दै सरकारले पदमुक्त गर्ने संसदीय प्रक्रिया अघि बढाएसँगै यस विषयमा कांग्रेसभित्र दुई धार प्रस्ट देखिएको हो ।

सभापति शेरबहादुर देउवा पक्षका सांसदहरूले उनलाई हटाउने पक्षमा हस्ताक्षर गरिसकेका छन् भने महामन्त्री गगन-विश्वप्रकाशसहित संस्थापन इतर समूहका नेता डा. शेखर कोइरालाको समूह अहिले यो विषयमा जान नहुने तर्क गर्दै आएको छ । संवैधानिक निकायमा पठाउने पदाधिकारी सिफरिसलगायत कार्यका लागि संवैधानिक परिषदमा आवश्यक बहुमत पुऱ्याउन सरकारले रानालाई हटाएर आफ्नै पक्षका सांसदलाई उपसभामुख बनाउने योजना छ ।

सोहीअनुसार उनलाई हटाउने सहमति गरेका देउवा र ओलीको निर्णयमा कांग्रेसको एउटा समूहका सांसदहरूले सहयोग नगर्ने भन्दै हस्ताक्षरमा सहभागी भएनन् । तर नेकपा एमालेले भने आफ्ना सांसदलाई उपत्यकाबाहिर नजान ह्वीप नै जारी गरिसकेको छ । कांग्रेसले पनि आधाभन्दा बढी सांसदहरूलाई हस्ताक्षर गरेर उपसभामुखमाथि महाअभियोग लगाएर हटाउन तयार देखिए पनि पार्टीका दुवै जना महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले त्यस्तो कदमको विरोध जनाएका छन् । नेता शेखर कोइराला र उनको समूहका सांसदहरूले समेत पार्टीको >>> पृष्ठ २ मा

## सरकारी निगरानीमा
# एनजिओ र आइएनजिओ

*प्रस्तावित मस्यौदाअनुसार ऐन बने एनजिओ र आइएनजिओले कुल बजेटको २० प्रतिशत रकम मात्रै प्रशासनिक खर्चमा राख्न सक्नेछन् ।*

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ भदौ

राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले प्रशासनिक खर्चका नाममा गर्दै आएको अनियमित खर्च नियन्त्रण गर्नेगरी सरकारले ऐन बनाउन लागेको छ ।

गृह मन्त्रालयले गैरसरकारी संस्थाहरूको खर्चको सीमा तोक्नेगरी ऐनको मस्यौदा तयार पारेको छ ।

गृह मन्त्रालयले 'संघ संस्था दर्ता, नियमन तथा व्यवस्थापनसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्ने बनेको विधेयक'को मस्यौदा तयार पारेको छ । यो सर्वसाधारणको राय सुझावका लागि प्रकाशन गरिएको छ ।

प्रस्तावित ऐनको मस्यौदाले विधायन ऐन २०८१ को दफा ६ को उपदफा (२) मा संशोधन गर्ने भनेको छ ।

'...अनुमति प्राप्त गरी नेपालमा काम गर्ने वा परियोजना सञ्चालन गर्ने विदेशी गैरसरकारी संस्था वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कुनै कार्यक्रम सञ्चालन गर्दा लागतको बढीमा २० प्रतिशतसम्म मात्र प्रशासनिक खर्च गर्न पाउनेछन्' प्रस्तावित मस्यौदा छ ।



"गैरसरकारी क्षेत्रमा स्थापना हुने संघसंस्थालाई नागरिक अधिकार संरक्षणमा संलग्न गराउने उद्देश्य विधेयकको छ ।

■ **रमेश लेखक**
**गृहमन्त्री**

यो प्रावधान विधेयकको दफा ३२ उपदफा २ मा प्रशासनिक खर्चको सीमा २० प्रतिशत हुने उल्लेख छ ।

अर्थात् नेपालमा सञ्चालित राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सरकारको निगरानीमा पर्नेगरी ऐन बन्न लागेको हो । प्रस्तावित मस्यौदाअनुसार ऐन बने एनजिओ र आइएजिओले कुल बजेटको २० प्रतिशत रकम मात्रै प्रशासनिक खर्चमा राख्न सक्नेछन् ।

यसरी खर्च गरेको रकमको विवरणको कार्यसम्पादन प्रतिवेदन संघीय पञ्जिकाधिकारी, विभाग र तोकिएको निकायमा दिनुपर्ने प्रस्तावित व्यवस्था छ । यसअनुसार नेपाल सरकारको निगरानीमा एनजिओ र आइएनजिओ पर्नेछन् । जसले वार्षिक प्रतिवेदन पेस गर्नुपर्नेलगायतका प्रावधानसमेत पालना गर्नुपर्नेहुन्छ ।

यीलगायतका प्रावधान समेटिएको विधेयक ७५ वटा दफामा समेटिएको छ ।

राष्ट्रिय निर्देशन ऐन, २०१८, संस्था दर्ता ऐन, २०३४ र समाज कल्याण परिषद् ऐन, २०४९ खारेज हुने र नयाँ एकीकृत ऐन बन्नेगरी नयाँ विधेयक अगाडि बढेको हो ।

गृह मन्त्रालयका अनुसार >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# विदेशी कामदारको कोटा खोल्ने मलेसियाको निर्णय

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ भदौ

मलेसिया सरकारले विदेशी कामदारको कोटाका लागि आवेदन पुनः खोल्ने निर्णय गरेको छ । विशेष क्षेत्र र उपक्षेत्रहरूका लागि कोटा खुला गरिएको मलेसियाका गृहमन्त्री सैफुद्दीन नासुशन इस्माइलले जानकारी दिएका छन् ।

उनले गृह मन्त्रालय र मानव संशाधन मन्त्रालयबीचको संयुक्त समितिको बैठकपछि उक्त निर्णय गरिएको बुधबार बताएका छन् । गृहमन्त्री सैफुद्दीनले मन्त्रालयहरूको प्रस्तावको आधारमा तीन क्षेत्र र १० उपक्षेत्रका लागि आवेदन पुनः खोलिएको जानकारी दिए ।

कृषि, वृक्षारोपण, खानी र तिनीहरूका सबै सम्बन्धित उपक्षेत्रहरूमा विदेशी कामदारको कोटा खुला भएको उनले पत्रकार सम्मेलनमा बताए । विदेशी कामदारहरूका लागि आवेदन दिन अनुमति दिइएका उपक्षेत्रहरूमा थोक र खुद्रा, गोदाम, सुरक्षा सेवाहरू, स्क्र्याप धातु, रेस्टुरेन्टहरू, लुगा धुने, कार्गो ह्यान्डलिङका साथै सफाइ सेवाहरू पनि रहेका छन् । >>> पृष्ठ २ मा

## साउनमा धेरै कामदार पठाउनेमा एसओएस पहिलो, प्याराडाइज दोस्रो र नीलकमल तेस्रो

**काठमाडौं/मस–** एसओएस म्यानपावर सर्भिस प्रालि साउन महिनामा धेरै कामदार पठाउने म्यानपावर कम्पनीको सूचीको शीर्ष स्थानमा रहेको छ । साउनमा म्यानपावर कम्पनीमार्फत ३१ हजार ८ सय ३० जना वैदेशिक रोजगारीमा गएकोमा एसओएसमार्फत ९ सय ६९ जना गएका छन् । साउन महिनामा धेरै कामदार पठाउने सूचीको दोस्रो नम्बरमा प्याराडाइज इन्टर नेसनल प्रालि र तेस्रो नम्बरमा नीलकमल ह्युमन रिसोर्स प्रालि रहेका छन् ।

साउनमा धेरै कामदार पठाउने 'टप टेन'मा पर्न सफल अन्य म्यानपावरहरमा सपोर्ट ह्युमन रिसोर्स प्रालि, गल्फ म्यानपावर सर्भिसेस प्रालि, साउन्डलाइन्स रिक्रुटमेन्ट प्रालि, बज्र ह्युमन रिसोर्स प्रालि, लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिस प्रालि, अल सेक्युर ह्युमन रिक्रुटमेन्ट प्रालि र लुलु इन्टर नेसनल प्रालि रहेका छन् ।

**साउनमा धेरै कामदार पठाउने म्यानपावर कम्पनी** : एसओएस म्यानपावर सर्भिस प्रालि- ९६९ >>> पृष्ठ २ मा

## कोरियाको ई–७ भिसा प्रक्रिया सुरु

**काठमाडौं/मस–** दक्षिण कोरियास्थित नेपाली दूतावासले ई-७ भिसामा कामदार भर्नाको प्रक्रिया सुरु गरिएको बताएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले ई-७ भिसा अन्तर्गत दक्ष नेपाली कामदारहरूलाई कोरिया पठाउने कार्यविधिलाई स्वीकृत गरेपछि नेपाली दूतावास सियोलले प्रक्रिया सुरु भएको बताएको हो ।

दूतावासले कार्यविधिमा उल्लेख गरिएका विशेष आवश्यकताहरू पूरा गरेका म्यानपावर कम्पनी ई-७ प्रणालीअन्तर्गत दक्ष कामदार पठाउन भर्ना प्रक्रिया सुरुवात गर्न योग्य रहेको बताएको छ । मन्त्रालयको स्वीकृत प्रक्रियाअनुसार ई-७ भिसामा कोरिया रोजगारीमा जान इच्छुक कामदारहरूलाई >>> पृष्ठ २ मा

## साढे २५ बिघामा बन्दै छ
# पेट्रोलियम डिपो

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, ४ भदौ

नेपाल आयाल निगमले रूपन्देहीको रोहिणी र ओमसतिया गाउँपालिकामा साढे २५ बिघामा नयाँ इन्धन डिपो निर्माणको तयारी गरेको छ। २०८१ वैशाख ५ गते भूमि पुजन गरेर जमिन सम्याउने काम सुरु गरेको निगमले काठमाडौं विश्वविद्यालयसँगको सहकार्यमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरेको हो । ५ अर्ब ७९ करोड ३० लाख (करबाहेक) लागतमा लाग्ने नेपाल आयाल निगमले जनाएको छ ।

आयल निगमको रोहिणी र ओमसतिया गाउँपालिकाको रोहिणी नदी किनारमा साढे ११ बिघा जग्गा खरिद गरेको थियो । सो क्षेत्रमा थप साढे आठ बिघा पर्ती जग्गा निगमको स्वामित्व ल्याउने तयारी गरिएको छ । यस्तै, करिब साढे पाँच बिघा पनि जग्गा प्राप्ति गर्दा साढे २५ बिघामा आधुनिक र सुविधा सम्पन्न भण्डारण डिपो बन्ने भएको हो ।

हालसम्म रोहिणीमा खोलाछेउमा भूमि सम्याउने र नदी किनारमा ग्याबियन जाली, रिटेनिङ वालको निर्माण गरी जग्गाको



संरक्षण कार्य गरिएको निगमले जनाएको छ । नयाँ डिपोमा सबैभन्दा धेरै डिजेल १३ हजार ५ सय किलो लिटर भण्डारण क्षमताको हुनेछ ।

यस्तै, पेट्रोल ४ हजार ९ सय ६० किलो लिटर र मट्टीतेल २ सय २८ किलो लिटर भण्डारण क्षमता रहेको परियोजना प्रमुख ई. प्रदीपकुमार यादवले बताए । असोजमा बोलपत्र आह्वान गर्ने र मंसिरबाटै निर्माण कार्य अघि बढाइने यादवले जानकारी दिए । निर्माण सुरु भएको तीन वर्षमा सम्पन्न हुनेछ । >>> पृष्ठ २ मा

# २० सहसचिव र २४ उपसचिवको सरुवा

**काठमाडौं/मस-** गृह मन्त्रालय एवं मन्त्रालय मातहत कार्यरत २० सहसचिव र २४ उपसचिवको सरुवा भएको छ। गृहमन्त्री रमेश लेखकले २० सहसचिवको र २४ सहसचिवको सरुवा गरेका हुन्। काठमाडौं उपत्यकाका ३ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी पनि हेरफेर भएका छन्। गृहमन्त्रालयका अनुसार काठमाडौंका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीलाई मन्त्रालयको आन्तरिक व्यवस्थापन महाशाखामा कामकाजमा खटाइएको छ। मन्त्रालयको प्रशासन महाशाखा प्रमुखको जिम्मेवारीमा रहेका छविलाल रिजालाई काठमाडौंको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिइएको छ। मन्त्रालयमा आन्तरिक व्यवस्थापन




महाशाखा प्रमुखको जिम्मेवारीमा रहेका जयनारायण आचार्यलाई भने प्रशासन महाशाखामा कामकाजमा खटाइएको छ।

यस्तै धादिङका प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा रहेका सुमन घिमिरेलाई ललितपुरको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिइएको छ भने मन्त्रालयको जगेडामा रहेका नमराज घिमिरेलाई भक्तपुरको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिइएको छ। यस्तै गृहमन्त्री लेखकका निजी सचिव उपसचिव बद्री तिवारीलाई म्याग्दीको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा पठाइएको छ भने उपसचिव दिर्घराज उपाध्यायलाई दिइएको छ। सुदूरपश्चिम घर भएका उपाध्याय यसअघि बैतडी र दार्चुलामा प्रमुख जिल्ला अधिकारी थिए।

### लिपुलेकबार...

नक्सा र प्रमाणका आधारमा दुवै देशबीचको सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल सरकार प्रतिबद्ध रहिआएको पनि पत्रमार्फत भनिएको छ।

चीनका विदेशमन्त्री वाङ यीको भारत भ्रमणका क्रममा दुई देशबीच तीनवटा नाकालाई व्यापारिक प्रयोजनका लागि फेरि खुला गर्ने सहमति भएको छ। जसमा नेपालले आफ्नो प्रशासनिक नाकामा समावेश गरेको लिपुलेकलाई पनि भारत र चीनले व्यापारिक नाका बनाउनेगरी सहमति गरेका हुन्।

यो विषय विगतमा पनि उठेको थियो। नेपाल महाभूकम्पको पीडामा रहेका बेला २०७२ सालमा लिपुलेकलाई व्यापारिक नाका बनाउनेगरी भारत र चीनले सहमति गरेका थिए। त्यसबेला भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी चीन भ्रमणमा गएका थिए। त्यसक्रममा चिनियाँ प्रधानमन्त्री ली खछियाङसँग भएको सहमतिमा लिपुलेकलाई व्यापारिक नाका बनाउने विषय थियो। त्यसबेला भएको सहमतिको २८ नम्बर बुँदामा लिपुलेकको विषय समावेश थियो।

नेपाल १२ वैशाख २०७२ को महाभूकम्पले थलिएका बेला नेपालको भूमिलाई दुई छिमेकीले व्यापारिक नाका बनाउनेगरी सहमति नेपाललाई जानकारी नै नदिई गरेपछि नेपालभित्र चर्को विरोध भयो। नागरिकस्तरबाट भएको विरोधलाई सम्बोधन गर्दै तत्कालीन सरकारले दुवै देशमा कूटनीतिक नोट पठाएको थियो। तर दुवै देशले नेपालको कूटनीतिक नोटको रेस्पोन्स गरेनन्।

अहिले भने दुवै देशले नेपाललाई जानकारी नै नदिएर लिपुलेकलाई व्यापारिक नाका बनाउने सहमति गरेका हुन्।

नेपालका प्रधानमन्त्री केपी शर्मा ओली भारत भमणमा जाँदै छन्। नेपालबाट भारत भ्रमणमा उच्चस्तरमा हुन लागेको भ्रमणको केही समयअगाडि मात्रै लिपुलेकबारे भारत र चीनको सहमति भएको हो। यसकारण सरकार पनि दबाबमा परेको कूटनीतिक वृतमा चर्चा छ।

प्रधानमन्त्री ओली यही भदौको अन्तिम साता भारत भ्रमणमा जाने तयारीमा छन्। भारत र नेपाल सरकार दुवैले ओलीको भारत भ्रमणको विषयमा औपचारिक रूपमा केही जानकारी गराएका छैनन्।

भारत भ्रमणको सम्मुखमा लिपुलेकबारे भारत-चीन सम्झौताले प्रधानमन्त्री ओली दबाबमा परेका छन्।

परराष्ट्र मन्त्रालय लिपुलेकबारे भारत र चीनले गरेको भनिएको सहमतिबारे थप बुझ्ने काम भइराखेको बताउँछन्। आवश्यक पर्दा कूटनीतिक नोट फेरि पठाइने मन्त्रालयका अधिकारी बताउँछन्।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई 'नेपालसँग कुनै परामर्श नगरी लिपुलेक नाका भएर भारत र चीनले पुनः व्यापार गर्ने सहमति गर्नु नेपाली राष्ट्रिय हितका निम्ति गम्भीर चिन्ता र चासोको विषय' भएको बताउँछन्।

उनी भन्छन्, 'पहिलेदेखि नेपालले दाबी गर्दै आएको, भारतले समेत विवादको विषय स्वीकारेको र चीनले नेपालसँग परामर्श गरेर मात्र निर्णय गर्ने भन्दै आएको भनिएको यो विषयमा दुई ठुला छिमेकीले पुनः एकतर्फी सहमति गर्नु नेपालको सार्वभौमिकता, स्वाधीनता र भौगोलिक अखण्डतामाथिको ठुलो चुनौती हो।'

यसबारे नेपाल सरकारले गम्भीरतापूर्वक राष्ट्रिय हितको पक्षमा आवश्यक कूटनीतिक र राजनीतिक कदम चाल्नुपर्ने उनको आग्रह छ।

### उपसभामुख...

निर्देशनअनुसारको खाली कागजमा हस्ताक्षर गर्न मानेका छैनन्। यसले उपसभामुखमाथि लगाउने महाअभियोगका लागि दुई तिहाइ सांसद संख्या नपुग्ने भएका छन्। सरकार पक्षले जनता समाजवादी पार्टी नेपाल र नागरिक उन्मुक्ति पार्टीलाई उपसभामुख हटाउने पक्षमा ल्याइसकेको छ। बुधबार नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठले आफ्नो दल सत्ता पक्षमा बस्ने र सोहीअनुसारका निर्णय मान्ने बताइन्।

राना राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तर्फबाट समानुपातिक सांसद हुँदै एमाले माओवादी, रास्वपासहितको सरकारमा दलीय भागबन्डाका आधारमा उपसभामुख बनेकी थिइन्। विदेश भ्रमणमा जानुपर्दा संसद्भित्रै प्रक्रिया अगाडि बढ्ने व्यवस्था भए पनि उनी स्वयंले दूतावासलाई पत्राचार गरेपछि यो विषय पेचिलो बनेको हो। उनले संयुक्त राष्ट्रसंघको संयन्त्र 'कमिसन अन द स्टाटस अफ वुमेन'को ६७औं सत्र (सिएसडब्लु ६७) २०७९ को फागुन २२ देखि चैत ३ सम्म अमेरिकाको न्युयोर्कमा हुने कार्यक्रममा जान उनले दूतावासलाई पत्राचार गरेकी थिइन्।

सत्ता पक्षले यही विषयलाई देखाएर रानालाई हटाउने प्रयास गरेपछि रास्वपासहित प्रतिपक्षी दलहरूले भने उपसभामुख रानालाई हटाएर सरकारको अर्को गल्ती गर्ने तयारी गरेको भन्दै विरोध गर्दै आएका छन्। कांग्रेसभित्रै दुई ध्रुव देखिएपछि सत्ता पक्षका लागि यो मुद्दा फेरि असफल प्रयास हुने देखिएको छ। यसअघि पनि उनलाई हटाउन २०८० भदौमै प्रयास भएको थियो। त्यसबेला पनि संसदमा दुई तिहाइ नपुग्ने भएपछि रोकिएको थियो।

रानाले पाँच जना नेपालीलाई अमेरिकी भिसा प्रक्रियामा अन्तर्वार्ता मिति अगाडि सारिदिन दूतावासलाई लेखेको पत्रले उनिमाथि 'नैतिकता' मात्रै नभएर मानव तस्करीसहितको गम्भीर अपराधिक घटनाका रूपमा लिन सकिने नेकपा एमालेका सांसद सूर्यबहादुर थापाले जिकिर गरे। 'महिला सरोकारका कुनै पनि मुद्दामा सहभागी नभएका ती पाँच जनाका लागि के कति कारणले भिसा प्रक्रिया अगाडि सारिदिन सिफारिस गरेको हो ?' भन्नेबारे उनले सदनलाई चित्तबुझ्दो जवाफ दिन सकेकी छैनन्। यही मौकामा रानालाई हटाएर आफ्ना पक्षका व्यक्तिलाई उपसभामुख बनाएपछि संवैधानिक परिषदमा सहम बहुमत पुग्ने र सरकारले भनेअनुसार नियुक्ति गर्न सजिलो हुने सत्तापक्षको योजना छ। तर सो योजना सत्ताकै प्रमुख दल कांग्रेसका महामन्त्रीहरूले सार्वजनिक रूपमा गलत भएको टिप्पणी गरेका छन्।

महामन्त्री विश्वप्रकाश शर्माले उपसभामुख राना मगरलाई पदमुक्त गर्ने तयारीप्रति विमति जनाउँदै भने, 'उपसभामुख रानाले नेपालस्थित अमेरिकी दूतावासलाई पत्र लेख्नु गम्भीर गल्ती भए पनि उनलाई पदमुक्त गर्न अनुपयुक्त छ।'

अर्का महामन्त्री गगन थापाले बुधबार काठमाडौंमा आयोजित कार्यक्रममा बहुमत छ भनेर जे पनि निर्णय गर्न नहुने बताए। संख्याका आधारमा गरिने निर्णय प्रजातन्त्रमा वैधानिक हुने भए पनि त्यो जनताले स्वीकार गर्छन् कि गर्दैनन्, वैध हुन्छ कि हुँदैन भनेर सोच्नुपर्ने थापाको भनाइ छ। 'हामी निर्वाचन जित्छौं, मत प्राप्त गर्छौं, सरकार बनाउँछौं। प्रजातन्त्रमा संख्याका आधारमा निर्णय गर्न पाइन्छ तर मसँग संख्या छ भनेर जे पनि निर्णय गर्न पाइँदैन,' उनले भने, 'संख्याका आधारमा गरिने निर्णय वैधानिक हुन्छ, संख्या भएपछि सरकार बन्छ। बहुमत भएपछि निर्णय गर्ने कुरा वैधानिक हुन्छ। तर आममानिसले त्यो निर्णय स्वीकार्छ कि स्वीकार्दैन, निर्णय गरियो संख्याका आधारमा वैधानिक हुन्छ, सबैले स्वीकारे भने त्यो वैध हुन्छ।'

सभापति देउवा निवास बूढानीलकण्ठमा मंगलबार बिहान बसेको पदाधिकारी बैठकमा देउवाले उपसभामुख रानालाई हटाउन हस्ताक्षर संकलन गर्न निर्देशन दिएका थिए। तर, नेता शेखर कोइरालाले आफूनिकटहरूसँग कांग्रेस संसदीय दलबाट हस्ताक्षर गर्न टेलिफोन आए पनि हस्ताक्षर नगर्न सुझाएका थिए। यसबारे डा. कोइरालालाई मंगलबार नै प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले टेलिफोन गरेर चासो व्यक्त गरेका थिए। प्रचण्डसँग पनि डा. कोइरालाले आफू उपसभामुख हटाउने तयारीको विरोधमा रहेको बताएका थिए। कांग्रेसभित्रकै ध्रुवीकरणका कारण उपसभामुख रानालाई हटाउने प्रयास असफल हुँदा तत्कालका लागि उनको पद जोगिने देखिएको छ।

### सरकारी...

गैरसरकारी क्षेत्रमा स्थापना हुने संघसंस्थालाई नागरिक अधिकार संरक्षण एवं सामाजिक तथा पर्यावरणीय विकासमा संलग्न गराउने उद्देश्य नयाँ ऐन बनाउन लागिएको हो।

'...संस्थाको दर्ता, नियमन तथा व्यवस्थापन गरी संघसंस्थाबाट सम्पादन हुने काम कारबाहीलाई पारदर्शी, उत्तरदायी तथा जवाफदेही बनाई राष्ट्रिय विकासका बहुआयामिक पक्ष र समृद्धिको मूलप्रवाहमा योगदान पुऱ्याउन संघसंस्था दर्ता तथा सञ्चालनसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकाले' प्रस्तावनामा उल्लेख छ।

गृह मन्त्रालयले सर्वसाधारणको प्राप्त रायसमेतका आधारमा विधेयकमा आवश्यक परिमार्जन गर्नेछ। त्यसपछि संसद्मा जानेछ।

### साढे...

डिपो निर्माणमा इपिसी मोडलमा बोलपत्र आह्वान हुने भएको लागत नबढ्ने उनले बताए।

त्यसैगरी, डिपोभित्र अग्नि सुरक्षा प्रणालीका लागि २१ सय किलोलिटर क्षमताका दुईवटा पानी ट्यांकी निर्माण हुने काठमाडौं विश्वविद्यालय कन्सलटेन्सी विभाग प्रमुख डा. विवेक बरालले बताए। उनले भने, 'जसमा कुल ४२ सय किलोलिटर पानी भण्डारण हुनेछ।

इन्धन लोडिङ सेडमा आठवटा बाटो र अनलोडिङ सेडमा पनि आठवटा बाटो रहनेगरी डिपिआर तयार पारिएको छ।'

काठमाडौं विश्वविद्यालयका पेट्रोलियम विज्ञ एवं निगमका पूर्वनिमित्त कार्यकारी निर्देशक सुशील भट्टराईले भलबारीमै भण्डारण क्षमता विस्तारले माग धान्नै नसक्ने अवस्था आएकाले नयाँ डिपोको आवश्यकता रहेको बताए।

लुम्बिनी प्रादेशिक कार्यालय, भलवारीमा साँघुरो, घनाबस्तीबीचमा र वर्तमान परि स्थितिको पेट्रोलियम पदार्थको माग धान्न नसक्ने अवस्थामा पुगेकाले भैरहवामा नयाँ इन्धन डिपो निर्माणमा गर्न लागिएको निगमको भनाइ छ।

### विदेशी...

त्यसमा प्राविधिक समितिले छानबिन गर्ने छ।' उनले प्राविधिक समितिले आफू र मानव संशाधन मन्त्री स्टिवन सिमको संयुक्त अध्यक्षतामा हुने संयुक्त समितिको बैठकमा अन्तिम स्वीकृतिका लागि पेस गर्नुअघि आवेदनहरू प्रमाणित गरिने बताए। मलेसियाले सन् २०२५ मा विदेशी कामदार क्षेत्रगत सीमा २४ लाख ६७ हजार ७ सय ५६ भन्दा बढ्न नदिइने बताएको छ।

सरकारी परियोजनाहरूका लागि कन्स्ट्रक्सन र मलेसियन लगानी विकास प्राधिकरणअन्तर्गत नयाँ लगानी संलग्न व्यवसायहरूलाई प्रोडक्सन क्षेत्रमा पनि नयाँ कामदारका लागि आवेदन दिन अनुमति दिइने भन्दै गृहमन्त्री सैफुद्दीनले कुनै पनि 'टम, डिक एन्ड ह्यारी' अर्थात् जो कोहीलाई कोटाका लागि आवेदन दिन अनुमति नदिइने बताए। उनले भने 'पहिले एजेन्टहरूले आवेदन दिन सक्थे, जो कोहीले पनि आवेदन दिन सक्थे, तर अब त्यो सुविधा छैन।'

उनले खुला गरिएका क्षेत्र र उपक्षेत्रका उद्योगका लागि रोजगारदाताले पहिले आफ्नो सम्बन्धित मन्त्रालयहरूमार्फत विदेशी कामदार व्यवस्थापनसम्बन्धी प्राविधिक समितिमा आवेदन पेस गर्नुपर्ने बताए। उनले भने, 'वृक्षारोपण सञ्चालकहरूले वृक्षारोपण र वस्तु मन्त्रालयमा, कृषि सञ्चालकहरूले कृषि र खाद्य सुरक्षा मन्त्रालयमा र रेस्टुरेन्ट व्यवसायीहरूले घरेलु व्यापार र जीवनयापन लागत मन्त्रालयमा आवेदन पेस गर्ने छन्।

### साउनमा...

प्याराडाइज इन्टरनेसनल प्रालि- ८४४
नीलकमल ह्युमन रिसोर्स प्रालि- ७४०
सपोर्ट ह्युमन रिसोर्स प्रालि- ४१७
गल्फ म्यानपावर सर्भिसेस प्रालि- ३७८
साउन्डलाइन्स रिक्रुटमेन्ट प्रालि- ३७३
बज्र ह्युमन रिसोर्स प्रालि- ३३७
लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिस प्रालि- ३१२
अल सेक्युर ह्युमन रिक्रुटमेन्ट प्रालि- २७७
लुलु इन्टरनेसनल प्रालि- २७५
अल-हयात म्यानेजमेन्ट सिस्टम प्रालि- २६४
मास ह्युमन रिसोर्स प्रालि- २६०
अल आसमास कम्पनी प्रालि- २५९
स्काइवेयज ब्युरो सर्भिस प्रालि- २५१
एचएमटी ओभरसिज प्रालि- २४९
दि रिभर ओभरसिज प्रालि- २४८
एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्याट्न्स प्रालि- २३९
ट्रान्स एसिया इन्टिग्रेट सर्भिस प्रालि- २२५
ब्रदर्स इन्टरनेसनल प्रालि- २०५
लुनार एचआर सोलुसन प्रालि- २०४
भिजन एन्ड भ्यालु ओभरसिज प्रालि- २००
दित्या इन्टरनेसनल प्रालि- १९४
शिखर इन्टरनेसनल मेनपावर सर्भिस प्रालि- १९२
टेस्ला ओभरसिज प्रालि- १९२
रिलायबल मेनपावर रिक्रुटमेन्ट प्रालि- १९२
ब्लु स्काई इन्टरनेसनल प्रालि- १८५
सुफी इन्टरनेसनल सर्भिसेस प्रालि- १७४
इन्टरपिड रिक्रुटमेन्ट रिसोर्स सोलुसन प्रालि- १७०
गोरखा ह्युमन रिसोर्स प्रालि- १६९
स्किल ग्रुप एचआर रिक्रुटमेन्ट प्रालि- १६६
मुस्कान ओभरसिज प्रालि- १६४
कन्फिडेन्ट इन्टरनेसनल म्यानपावर प्रालि- १६३
आयुष ओभरसिज प्रालि- १६२
रोयल इन्टरनेसनल म्यानपावर प्रालि- १६०
राज ओभरसिज प्रालि- १६०
अल शाहिद ओभरसिज प्रालि- १६०
हमदान ग्लोबल प्रालि- १५७
एसिया पावर रिक्रुटमेन्ट कन्सल्ट्यानस प्रालि- १५७
डिके रिभर ओभरसिज प्रालि- १५३
ब्लु ओसन ओभरसिज प्रालि- १५१
चन्द्र कामना मेनपावर प्रालि- १४७
इन्टरनेसनल मेनपावर रिक्रुटमेन्ट प्रालि- १४२
मोभिरा रिक्रुटमेन्ट कन्सल्ट्यान्सी सर्भिस प्रालि- १४०
नोकरी नेपाल रिक्रुटमेन्ट सर्भिस प्रालि- १४०
मदरल्यान्ड ओभरसिज प्रालि- १४०
डेस्टिनी एचआर ग्रुप प्रालि- १३९
रोटरी ओभरसिज प्रालि- १३८
एम्स ओभरसिज प्रालि- १३६
वर्ल्डवाइड इम्प्लोइमेन्ट कन्सल्ट्याट्न्स प्रालि- १३३
एमबी मानव संशाधन प्रालि- १२९
सान नेपाल प्रालि- १२८
एसिया लिंक सर्भिस प्रालि- १२७
डायनामिक सेल्स एन्ड सर्भिस प्रालि- १२७
ओशो रिक्रुटमेन्ट एजेन्सी प्रालि- १२४
महा इन्टरनेसनल एचआर सोलुसन प्रालि- १२३
पर्फेक्ट रिक्रुटमेन्ट सर्भिस प्रालि- १२२
जलजला रिक्रुटमेन्ट प्रालि- १२०
सूर्य प्रकाश ह्युमन रिसोर्स प्रालि- ११९
ब्रिज स्काई इन्टरनेसनल प्रालि- ११७
सिवाकोटी म्यानपावर सर्भिस प्रालि- ११६
गाइडलाइन रिक्रुटमेन्ट सर्भिस प्रालि- ११४
लकी एचआर सोलुसन प्रालि- ११३
अर्थ स्मार्ट ह्युमन रिसोर्सेस नेपाल प्रालि- ११२
नाइस रिक्रुटिङ एजेन्सी प्रालि- १११
एमिटी ग्लोबल इम्प्लोइमेन्ट सर्भिसेस प्रालि- १११
मोन्टेज ओभरसिज प्रालि- १०९
फ्रन्टलाइन रिक्रुटमेन्ट प्रालि- १०६
इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रालि- १०४
सेक्युर नेपाल जब प्लेसमेन्ट प्रालि- १०२
लिडर्स ओभरसिज प्रालि- १०२
सिगल इन्टरनेसनल ग्लोबल एचआर कन्सल्ट्यान्ट्स प्रालि- १०२
त्रिपुरा इम्प्लोइमेन्ट प्रालि- १०१
फजल इन्टरनेसनल प्रालि- १०१

### कोरियाको...

तालिम केन्द्रमा कम्तीमा दुई प्रमाणित कोरियाली भाषा प्रशिक्षक अनिवार्य गरिएको छ भने नेपाली कम्पनीहरूले ई-भिसा प्रणालीअन्तर्गत कामदारहरूको माग ल्याउन सम्बन्धित कोरियाली संघसंस्थाहरूसँग सम्झौता गर्नुपर्नेछ।

त्यस्तै नेपाली म्यानपावर कम्पनीहरूले कामदारबाट कुनै शुल्क नलिने प्रतिबद्धता जनाएको हुनुपर्नेछ। कार्यविधिअनुसार ई-७ भिसा प्रणालीअन्तर्गत रोजगारीका लागि दक्षिण कोरिया जान चाहने नेपाली कामदारहरूले दक्षिण कोरियाली सरकारबाट मान्यता प्राप्त संस्था वा इजाजतपत्र प्राप्त संस्थाबाट सञ्चालन हुने कोरियाली भाषा परीक्षा र पेसागत सिप परीक्षण उत्तीर्ण गर्नुपर्ने प्रावधान छ। इजाजतपत्र प्राप्त संस्थाले भाषा र सिप परीक्षण उत्तीर्ण गरेका नेपाली कामदारहरूको विवरण वैदेशिक रोजगार विभागलाई उपलब्ध गराउनुपर्नेछ।

तालिम दिन पूर्ण समय प्रयोग गर्न सक्ने म्यानपावर कम्पनीहरूले आफ्नै तालिम केन्द्र वा तालिम केन्द्र भाडामा लिनुपर्ने बताएको छ।

# धर्म र संस्कृतिको संरक्षण सबैको साझा जिम्मेवारी : मुख्यमन्त्री आचार्य

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, ४ भदौ



दाङ-लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले धर्म र संस्कृतिमा विचलन आए विकृति र विसंगति भित्रने भएकाले यसप्रकारका प्रवृत्तिको अन्त्य सबैको साझा जिम्मेवारी रहेको बताएका छन्।

हरितालिका तिज पर्वको पूर्वसन्ध्यामा बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी)ले आयोजना गरेको तिज मिलन तथा शुभकामना आदान-प्रदान कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले पुर्खाले जसरी पर्वहरु मनाउँदै आएका थिए, त्यसैगरी वर्तमान समयमा पनि चाडपर्वलाई अगाडि बढाउनुपर्ने विचार व्यक्त गरे।

उनले भने,'धर्म र संस्कृतिले समाज परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन्। व्यक्तिलाई अनुशासनमा राख्न पनि यसको विशेष योगदान छ। धर्म र संस्कृतिमा विचलन आए विकृति र विसंगति भित्रन्छ। त्यसैले यसको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्नु सबैको साझा जिम्मेवारी हो।'

अहिले तिजलाई विभिन्न नाममा विकृत बनाउने काम भइरहेको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले यस्तो प्रवृत्ति संस्कृतिमाथि धावा बोल्ने कार्य भएको टिप्पणी गरे।

कार्यक्रममा प्रमुख सचिव बाबुराम अधिकारीले चाडपर्वले सामाजिक मूल्य-मान्यतालाई जीवन्त राख्न मद्दत गर्ने भएकाले संस्कृतिको वास्तविक मर्म जोगाउनु जरुरी रहेको बताए।

प्रदेश सचिव ईश्वरराज पौडेलले राज्यको समावेशी नीतिका कारण निजामती सेवामा महिला कर्मचारीहरूको उल्लेख्य सहभागिता बढेको बताए।

# विश्व फोटोग्राफी दिवसमा वन्तको एकल फोटो प्रदर्शनी

**काठमाडौं/मस-** १८६औं विश्व फोटोग्राफी दिवसको अवसरमा राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपिजे नेपाल) ले एकल फोटो प्रदर्शनी आयोजना गरेको छ।



संस्थाले यस वर्ष 'फ्लाइट एन्ड फ्रेम' शीर्षकमा केन्द्रीय अध्यक्ष प्रदीपराज वन्तको एकल प्रदर्शनी आयोजना गरेको हो। बुधबार काठमाडौंको हनुमानढोका परिसरमा दिउँसो २ बजेदेखि साँझ ७ बजेसम्म चलेको प्रदर्शनीमा अध्यक्ष वन्तले पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रधानमन्त्री कार्यकालमा अफिसियल फोटोपत्रकारको रूपमा खिचिएका करिब ६० फोटो प्रदर्शनमा राखिएका थिए।

तीमध्ये अधिकांश फोटो नेपालका विभिन्न जिल्लाका भौगोलिक र पर्यटकीय क्षेत्रहरू हेलिकप्टरबाट खिचिएका हुन्।

राष्ट्रिय फोटो पत्रकार समूहले पहिलो पटक यसरी एकल फोटो प्रदर्शनी आयोजना गरेको हो। आगामी दिनमा अन्य सदस्यहरूको पनि एकल प्रदर्शनी आयोजना गर्दै जाने संस्थाले जनाएको छ।

फोटो पत्रकार वन्त राष्ट्रिय समाचार समिति (रासस) का वरिष्ठ फोटो पत्रकार समेत हुन्। प्रदर्शनीको उद्घाटन संस्थाका पूर्व अध्यक्ष तथा वरिष्ठ फोटो पत्रकारहरू मिनरत्न बज्राचार्य र कविन्द्रमान शाक्यले संयुक्त रूपमा गरेका थिए।

कार्यक्रममा समूहका सदस्यहरूसहित फोटो पत्रकार, सञ्चारकर्मी, फोटोग्राफर तथा फोटोप्रेमीहरूको उल्लेख्य उपस्थिति थियो। उक्त कार्यक्रम सर्वसाधारणलाई नै लक्षित गरेर हनुमानढोकामा प्रर्दशनी आयोजना गरेको अध्यक्ष वन्तले बताए।

# एनआरएनए महाधिवेशन : मूल आयोजक समिति गठन

**काठमाडौं/मस-** गैरआवासीय नेपाली संघ(एनआरएनए)को १२ औं महाधिवेशनका लागि मूल आयोजक समिति गठन गरिएको छ। संघको १२औं महाधिवेशन आगामी असोज २५ देखि २७ गते तदनुसार अक्टोबर ११ देखि १३ तारिखसम्म काठमाडौंमा हुने कार्यक्रम तय भएको छ।

संघको हालै सम्पन्न पदाधिकारी बैठकले अध्यक्ष डा. बद्री केसीको संयोजकत्वमा मूल आयोजक समिति गठन गर्ने निर्णय गरेको हो। उक्त समितिको सल्लाहकारमा संस्थापक अध्यक्ष डा.उपेन्द्र महतो, निवर्तमान अध्यक्ष कुमार पन्त, पूर्व अध्यक्षहरू जीवा लामिछाने र भवन भट्ट समावेश गरिएको संघले जनाएको छ।

यसैबिच एनआरएनएको आगामी महाधिवेशनमा उम्मेदवार बन्नेहरूको लागि उम्मेदवारी शुल्क पनि तोकिएको छ। पदाधिकारी बैठकले अध्यक्ष पदको उम्मेदवारी शुल्क ५ लाख रुपैयाँ र उपाध्यक्ष पदको लागि ३ लाख ५० हजार कायम गरेको हो।

संघले ११ औं महाधिवेशनमा तोकिएको शुल्कलाई यथावत् राख्दै सबै पदमा उम्मेदवारी शुल्क अनिवार्य गरेको छ। तर महिला र युवा पदमा भने विशेष छुट दिइएको बताइएको छ।

युवा तथा महिला उपाध्यक्ष पदका लागि उम्मेदवारी शुल्क १ लाख ७५ हजार रुपैयाँ मात्र तोकिएको छ भने महासचिव पदमा ३ लाख, उपमहासचिव पदमा २ लाख ७५ हजार रुपैयाँ तोकिएको छ। सचिव र कोषाध्यक्षको लागि २ लाख ५० हजार, महिला सचिवका लागि १ लाख २५ हजार, सहकोषाध्यक्षको लागि २ लाख, महिला सहकोषाध्यक्षको लागि १ लाख शुल्क रहेको छ।

## भूलसुधार

यस दैनिकको वर्ष २३ अंक १९९ मिति २०८२ भदौ ४ गतेको प्रथम पृष्ठमा प्रकाशित 'प्रहरीमा नेतृत्वको दौड' शीर्षकको समाचारमा एआइजीमा प्रतिस्पर्धीमा हुनुपर्ने नाम अन्यत्रसमेत पर्न गएकाले सच्याइएको छ। -सं

**साउदीमा रोजगार**

कम्पनी: MANI CONTRACTING COMPANY — शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०५/०४ — चलानी नं.: ६०२४३५०८ — LT. No.: 329709

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Man | 1 | 0 | स. काममा दक्ष | 1200 | ४४,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: MANI CONTRACTING COMPANY — शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०५/०४ — चलानी नं.: ६०२४३५०६ — LT. No.: 329708

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Electrician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Truck Driver | 1 | 0 | | 1800 | ६६,६०० | | | | | | | |
| 3. | Plumber | 1 | 0 | | 1200 | ४४,४०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १२ गते (28 August 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

OMEGA POWER MINDS PVT.LTD. — Govt. Lic. No. 1178/073/074
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:cv.omegapowerminds@gmail.com

**साउदीमा रोजगार**

कम्पनी: DAI DONG STEEL AND CONSTRUCTION CONTRACTING COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०५/१९ — चलानी नं.: ६०२४३४३७ — LT. No.:329417

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Labor | 20 | 0 | स. काममा दक्ष | 1500 | ५५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १२ गते (28 August 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

WELL GROWING RECRUITMENT (P.) LTD.
House No. 536, Bansbari, Sallaghari Chakrapath, Kathmandu Nepal, Phone: 01-5916635
| www.wellgrowingrecruitment.com.np, Email : wellgrowing@gmail.com.
Mobile: 9866550748, 9741827319, 9810673421, 9827707245 & 9864903199
श्रम इजाजत नं. १५१३/०७४/०७५

# जनताभन्दा ठुलो कोही छैन : देउवा



**काठमाडौं /मस-** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मुलुकमा जनताभन्दा ठुलो कोही नरहेको बताएका छन् । बुधबार काठमाडौंमा स्व.प्रदीप गिरीको स्मृति सभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले आफू त्यत्तिकै प्रधानमन्त्री नभएको भन्दै जनताले जिताएर पठाएको र सांसदहरूले सहयोग गरेकाले नै प्रधानमन्त्री भएको बताए । उनले आफू अहिलेसम्म प्रत्यक्ष निर्वाचनमात्रै लढेको र सबै निर्वाचन जितेको बताए । धेरै राजनीतिक दलका नेताहरू आफूलाई हराउन लागेको भएपनि सफल नभएको उनको भनाइ छ ।

सभापति देउवाले भने,'यहाँ धेरै साथीहरूले कुरा उठाउनुभएको छ । आफ्नै विषयमा उठाएको कुरालाई मैले के भन्ने । कति प्रधानमन्त्री भइरहने भन्नुभयो । म कहाँ भएको छु, जनताले भोट हाल्छन् त के गर्ने मैले रु पार्टीका सांसदहरूले सहयोग गरे, सबै पार्टीहरूले सहयोग गरेर प्रधानमन्त्री भएको हो । त्यसकारण एउटा सौभाग्यशाली व्यक्ति पनि हो । अहिलेसम्म म प्रत्यक्ष निर्वाचन लडेको हो । सौभाग्यले कहिले पनि हारेको छैन । धेरै पार्टीका नेताहरू मेरो खिलाफमा लाग्नुभयो, मेरो विरुद्धमा डडेलधुराबाट तर म त हार्छु भनेको थिएँ, तै पनि जितिछु । जनता सबैभन्दा ठुलो कुरा हो । जनतालाई त्यही कारण सार्वभौम सम्पन्न भनेका छौँ । जनता देशको मालिक हो । जनता भन्दा ठुलो कोही छैन । सबै साथीहरूले जनताको सेवा गरौँ ।'

यस्तै कार्यक्रममा नेकपा (एमाले)का महासचिव शंकर पोखरेलले नेता गिरी बिपी कोइरालासँग विद्रोह गर्नसक्ने युवाका रूपमा आफूले चिनेको बताए । उनले कुनै पनि सैद्धान्तिक आधार नभएका तथा उद्देश्य र गन्तव्य नभएका केही दलहरूले पछिल्लो समय पुराना पार्टी र पुरानो नेतृत्व काम लाग्दैन भन्ने भाष्य निर्माण गर्न खोजेको टिप्पणी गर्दै दलहरू कहिल्यै पुराना नहुने जिकिर गरे ।

नेकपा (माओवादी)का उपमहासचिव वर्षमान पुनले आफूहरूले कार्लमार्क्सका बारेमा पढाउनसक्ने क्षमता भएका नेताका रूपमा प्रदीप गिरीलाई चिनेको बताउँदै उनका लेख र किताबबाट आफू प्रभावित भएको स्मरण गरे । स्व.गिरीको निष्ठा र नैतिकता अहिलेको राजनीतिमा झनै सान्दर्भिक भएको उल्लेख गरे ।

नेकपा (एकीकृत समाजवादी)का महासचिव डा.घनश्याम भुसालले स्व.नेता गिरी एसियामा मार्क्सका विचार र विचारको प्रभावका बारेमा बुझेका कमै मानिसमा पर्ने व्यक्तित्व भएको उल्लेख गरे । साथै उनले नेता गिरी पाखण्डबिनाको सच्चा समाजवादी नेता भएको र उहाँलाई आफूले जे बोल्यो त्यही जीवनमा आत्मसात गर्ने नेताका रूपमा आफूले चिनेको बताए । अहिलेको राजनीतिमा नेता गिरी जस्तो नेताको खडेरी रहेको उनको भनाइ थियो ।

जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक रेखा यादवले स्व.गिरी मधेसका भावना बुझ्ने र फराकिलो राजनीतिक विचार भएका बिर्सन नसकिने नेता भएको बताइन् ।

कांग्रेसको प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माले उहाँलाई फराकिलो र बृहत् राजनीतिक दृष्टिकोण भएका नेताका रूपमा चित्रित गर्दै नेपालको राजनीतिमा उनको योगदान तथा विचार सदैव स्मरणीय रहिरहने उल्लेख गरे । पार्टीका केन्द्रीय सदस्य एवं आयोजक स्कुल अफ डिमोक्रेसीका अध्यक्ष नैनसिंह महरले स्व.नेता गिरीको सँगाल्नु भएको नैतिकताको बाटो अहिले राजनीतिमा विस्तार गर्नुपर्ने आवश्यकता औँल्याए ।

स्व.नेता गिरीका धर्मपत्नी भारती सिलवालले उनी गान्धी, अम्बेडकर, लोहिया जस्ता राजनीतिक चिन्तकबाट प्रभावित बहुआयामिक व्यक्तित्व र दर्शनमा गहिरो ज्ञान भएको कुशल राजनीतिक चिन्तक भएको बताए ।

# नियन्त्रित मिडिया काउन्सिल नबनाउन सुझाव



**काठमाडौं /मस-** प्रेस काउन्सिल नेपालले मिडिया काउन्सिलसम्बन्धी विधेयकबारे सरकारलाई आधिकारिक धारणा प्रस्तुत गरेको छ ।

काउन्सिलको प्रतिनिधिमण्डलले सो आधिकारिक धारणा प्रतिवेदनको रूपमा सञ्चार तथा सूचना प्रविधिमन्त्री माननीय पृथ्वी सुब्बा गुरुङलाई बुझाएको हो । संसद्मा छलफलमा रहेको उक्त विधेयकलाई थप व्यवस्थित बनाउन काउन्सिलले विभिन्न सञ्चार गृहका सम्पादक तथा विज्ञसँग लिएको सुझावसहित मन्त्री गुरुङलाई प्रतिवेदन बुझाएको हो ।

मिडिया काउन्सिल विधेयक अध्ययन तथा सुझाव उपसमितिका सदस्य एवं बोर्ड सदस्य शन्तराम विडारी, बोर्ड सदस्य विजयराज अधिकारी, उपसमितिका सदस्यसचिव तथा काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनाल र अनुगमन अधिकृत सञ्चिता घिमिरेको टोलीले प्रतिवेदन बुझाएको हो । सुझावसहितको प्रतिवेदन ग्रहण गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री गुरुङले मर्यादित र स्वतन्त्र पत्रकारिता साथै बलियो र स्वायत्त प्रेस काउन्सिलका पक्षमा सरकार रहेको जानकारी दिए । काउन्सिलका सदस्यहरूका अनुसार अध्यक्षको नियुक्ति र हटाउने प्रक्रियालाई मन्त्रालय नियन्त्रित नबनाउन सुझाव दिइएको छ ।

# काठमाडौं-तराई-मधेश द्रुतमार्गको काम सम्पन्न गर्न मन्त्री राईको निर्देशन



**काठमाडौं /मस-** रक्षामन्त्री मानवीर राईले काठमाडौं-तराई-मधेश द्रुतमार्ग आयोजनाको काम लक्षित समयावधिमा सक्न सम्बन्धित सबैलाई निर्देशन दिएका छन् । रक्षा मन्त्रालयको आर्थिक गत आर्थिक वर्षको प्रगति समिक्षा तथा मन्त्रालयस्तरीय समस्या समाधान समितिको बैठकमा बोल्दै मन्त्री राईले उक्त आयोजनालाई समयमै सम्पन्न गर्न सम्बन्धित सबैलाई निर्देशन दिएका हुन् । उनले आर्थिक वर्ष २०८१/८२ मा द्रुतमार्गको प्रगति अघिल्लो वर्षको लक्ष्यको तुलनामा ६७ प्रतिशतले वृद्धि भएको उल्लख गरे ।

उनका अनुसार गत आर्थिक वर्षको अन्त्यसम्ममा आयोजनाको समष्टिगत प्रगति ४२.१३ प्रतिशत रहेको छ । काठमाडौं-तराई-मधेश द्रुतमार्ग निर्माणका लागि २०८३ साल चैत्र मसान्तसम्मको समयावधी तोकिएको छ । मन्त्री राईले रक्षा मन्त्रालयमार्फत नेपाली सेनाले गरिरहेका निर्माण कार्यको प्रगति सन्तोषजनक रहेको समेत दाबी गरे ।

उनले भने,'आर्थिक वर्ष २०८१/८२ मा काठमाडौं-तराई-मधेस द्रुतमार्ग आयोजनाको प्रगति अघिल्लो वर्षको लक्ष्यको तुलनामा ६७ प्रतिशत हाँसिल भई गत असारसम्मको समष्टिगत प्रगति ४२।१३ प्रतिशत हासिल भएको देखिन्छ । यसबाट द्रुतमार्गको निर्माण कार्यलाई लक्षित समय अवधिमा अर्थात २०८३ चैत्र मसान्तसम्ममा सम्पन्न गर्न चालु आर्थिक वर्षमा थप मेहेनत गर्नुपर्ने छ । यसप्रति सम्बन्धीत आयोजना प्रमुख, कार्यक्रम सञ्चालक, सञ्चालन गर्ने निकायका प्रमुखहरू तथा अन्य समन्वयकारी निकायहरूको गम्भीर ध्यानाकर्षण गर्न चाहान्छु । यस मन्त्रालयअन्तर्गत नेपाली सेनामार्फत निर्माण भइरहेको विभिन्न सडक, करिडोरको प्रगति राम्रो देखिएको छ । यसमा खट्ने सबैलाई धन्यावाद व्यक्त गर्दछु ।'

उनले कतिपय निर्माण आयोजनाहरूमा विनियोजित बजेटको सिमितताले नेपाली सेनालाई आयोजना सम्पन्न गर्न लामो समय लाग्ने देखिएको बताए । सेनाद्वारा सञ्चालित अन्य विकास निर्माणका कार्यहरूमा लक्ष्यअनुसार प्रगति देखिएको समेत उनले बताए । विपद् पछिको प्रतिकार्य, राहत र उद्धारमा खेलेको भुमिका प्रशंसनीय रहेको समेत बताए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०३/०६ मा दर्ता भएको **दर्ता नं. १५११८३** को श्री **डल्फिन ट्रेडर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ उपदफा (२) को खण्ड (च) बमोजिम स्वेच्छिक खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**युएई र साउदीमा रोजगार**

कम्पनी: HIREZY GENERAL CONTRACTING L.L.C - S.P.C — शहर: DHABI
पूर्व स्वीकृत मिति: २०८२/०४/२७ — चलानी नं.: ६०२४२८८१ — L.T. No.: 328954

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 20 | 0 | स. काममा दक्ष | 1000 | ३७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ABDULLAH AL OTHAIM MARKETS COMPANY — शहर: DHABI
पूर्व स्वीकृत मिति: २०८२/०५/०४ — चलानी नं.: ६०२४३४९७ — L.T. No.: 329658

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelf Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३७,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १२ गते (28 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LIKE INTERNATIONAL PVT.LTD** Lic No. 1580/079/080
Boudha-6, Kathmandu Contact No. 01-5922289, 9851356712
E-mail: Suraj@likeinternational.com.np, info@likeinternational.com.np, URL : www.likeinternational.com

**Qatar मा रोजगार** Onse E N C Trading And Contracting
पूर्व स्वीकृती मिति: २०८२/५/४ — चलानी नं. : ६०२४३४८६ — LT No.: 329563

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Electricial Tech. | 5 | 0 | कामको दक्ष | 1500 | ५७,४४७/- | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले तिर्ने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता आफैंले | कामदार आफैंले | हुने/रोजगारदाता आफैंले | रोजगारदाता आफैंले | रोजगारदाता आफैंले | रु. २,५९५/- कामदार आफैंले | रु. १,५००/- कामदार आफैंले | रु. ७,००/- कामदार आफैंले | नि:शुल्क |

**अन्तरवार्ता २०८२ भाद्र १२ गते (28 Aug., 2025) यस प्रा. लि. को कार्यालय बालकुमारी, ललितपुरमा हुनेछ ।**

**DIANA OVERSEAS डायना ओभरसिज प्रा. लि.** श्रम ईजाजत पत्र नं :४०५/०७०/०७१
बालकुमारी, ललितपुर, फोन: ५१८६३८४, ५१८६३८५, ५१८६३२८, ५१८६४२९

**युएईमा रोजगार**

कम्पनी: STAR MARK ELECTRIC HOUSEHOLD APPLIANCES REPAIRING MAINTENANCE — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०५/०४ — चलानी नं.: ६०२४३५०४ — L.T. No.: 329590

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 16 | 0 | स. काममा दक्ष | 1500 | ५६,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ भदौ १२ गते (28 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**RIGHT PATH INTERNATIONAL PVT. LTD.** Gov. Lic. No. 1655/080/081
Hanumansthan Kupandole-10, Lalitpur, Nepal, Telephone No. +977-1-5920180, 5920181
Email: rightpath2023ltd@gmail.com, Web: www.rightpathintl.com.np

Province Government
**Ministry of Internal Affairs and Law**
Koshi Province

**Invitation of Sealed Quotations for the Procurement of Printing eBill.**

**Contract Identification No: MOIAL-SQ1-eBill-82-83**
**Date of publication: 21-08-2025**

1. The Ministry of Internal Affairs and Laws, Koshi Province invites sealed quotations from registered Suppliers for the Supply and Delivery of Printed E-Bills (Nagadi Rasid).
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Biratnagar Morang.
3. A complete set of hard copy of Bidding Documents may be purchased from the Ministry of Internal Affairs and Laws, Koshi Province Biratnagar Morang by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till 05-09-2025 12:00 during office hours.
4. A complete set of Bidding Documents may be purchased from the following bank by eligible Bidders upon payment of a non-refundable fee of 1000.0 NRs till 05-09-2025 12:00
   Name of the Bank: Rastriya Banijya Bank Ltd.
   Name of the Office: Ministry of Internal Affairs and Law, Koshi Province
   Office Code no: 3140013011
   Office Account no: 1000100201010001
   Rajaswa (revenue) Shirshak no: 14229
5. Sealed bids must be submitted to the office Ministry of Internal Affairs and Laws, Koshi Province Biratnagar Morang by hand on or before 05-09-2025 12:00. Bids received after this deadline will be rejected The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 05-09-2025 13:00 hours at the office of Ministry of Internal Affairs and Law, Koshi Province Biratnagar.
6. If the last date of purchasing and/ or submission falls on a government holiday, then the next working day shall be considered as the last date.

**कतारमा रोजगार**

कम्पनी: AL RAWABI FOOD CENTER — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/०५/०४ — चलानी नं.: ६०२४३४९६ — LT.No.: 329738

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 23 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 4 | 0 | | 2200 | ८३,७९८ | | | | | | | |
| 3. | Sales Persons | 4 | 0 | | 1400 | ५३,३२६ | | | | | | | |
| 4. | Packing & Packing Worker | 5 | 0 | | 1000 | ३८,०९० | | | | | | | |
| 5. | Cashier Female | 0 | 5 | | 1300 | ४९,५१७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १२ गते (28 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Careerlink Recruitment Services Pvt.Ltd.**
Basundhara- 3,Kathmandu, Nepal. Tel.: 01-5916337,5916437. Mobile: 9860949577
Email: info@careerlinkrecruitment.com URL : www.careerlinkrecruitment.com
Way to a success career
Gov Lic No: 1625/079/080 — Iso 9001-2015 Certified Recruitment Agency

**कुवेतमा रोजगार**

कम्पनी: KSK GROUP GENERAL CONTRACTING FOR BUILDINGS — शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८२/०५/०४ — चलानी नं.: ६०२४३४९३ — L.T.No.: 329744

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Indoor) | 0 | 37 | स. काममा दक्ष | 85 | ३८,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १२ गते (28 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**दि हिमालयन एच. आर. प्रा. लि.** श्रम इजाजत नं. १२३२/०७४/०७५
THE HIMALAYAN HR (P) LTD.
शम्भु मार्ग, एरपोर्ट, काठमाडौं फोन.: 01-5924715, 9810149952, 9841222845
9851013859, 9845826606, 9767272452

**कतारमा रोजगार**

कम्पनी: AL SRAIYA SECURITY SERVICES — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/०५/०४ — चलानी नं.: ६०२४३४८७ — LT. No.: 329517

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1300 | ४९,५१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 5 | 0 | | 2500 | ९५,२२५ | | | | | | | |
| 3. | Female Security Guards | 0 | 10 | | 1800 | ६८,५६२ | | | | | | | |
| 4. | Male Cleaner/helper | 2 | 0 | | 1300 | ४९,५१७ | | | | | | | |
| 5. | Male Security Guards | 145 | 0 | | 1800 | ६८,५६२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १२ गते (28 August 2025) मा हुनेछ**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**रोयल ओभरसिज नेपाल प्रा. लि.** ROYAL OVERSEAS NEPAL
श्रम इजाजत नं. १६६/०५६/०५७ लाजिम्पाट काठमाण्डौं फोन नं.:-०१-४५२११५६/४५३२२४४, फ्याक्स नं.: ०१-४५३००३३

**साउदीमा रोजगार**

कम्पनी: JAWA HUMAN RESOURCES COMPANY — शहर: Saudi
पूर्व स्वीकृत मिति: २०८२/०५/०४ — चलानी नं.: ६०२४३५०० — L.T.No.: 329654

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Store Keeper | 4 | 0 | स. काममा दक्ष | 1000 | ३७,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: JAWA HUMAN RESOURCES COMPANY — शहर: Saudi
पूर्व स्वीकृत मिति: २०८२/०५/०४ — चलानी नं.: ६०२४३५०१ — L.T.No.: 329655

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Specialist | 6 | 0 | स. काममा दक्ष | 1500 | ५५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १२ गते (28 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BROTHER RECRUITMENT** श्रम इजाजत पत्र नं.: १६३९/०८०/०८१
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११
Butwal: 9802676987 Jhapa: 9801401300 | 9801427301 | 9801427304,
Kathmandu 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035
Itahari Contact No: 9816368105/9810591900

**कतारमा रोजगार**

कम्पनी : PARIS UNITED GROUP HOLDING — शहर: QATAR
पूर्व स्वीकृत मिति: २०८२/०५/०४ — चलानी नं.: ६०२४३४९१ — LT. No.: 329742

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dry Cleaning Worker | 1 | 0 | | 1200 | ४५७०८ | | | | | | | |
| 3. | Grocer | 1 | 0 | | 1300 | ४९५१७ | | | | | | | |
| 4. | Labour | 14 | 0 | | 1000 | ३८०९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १२ गते (28 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Diamond Star Overseas Pvt. Ltd.** Lic. No. 1353/074/075
Buddhanagar-10, Kathmandu, Nepal. Contact : 01-4796680, 9809402086, 9705387450

**कतारमा रोजगार**

कम्पनी: INDIGO TRADING & CONTRACTING — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/०५/०४ — चलानी नं.: ६०२४३४८५ — LT. No.: 329665

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner & office boy | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1500 | ५७,१३५ | | | | | | | |
| 3. | Heavy Equipment Driver. | 1 | 0 | | 1900 | ७२,३७१ | | | | | | | |
| 4. | HOTELS ROOM CLEANER | 6 | 0 | | 1000 | ३८,०९० | | | | | | | |
| 5. | Supervisor | 2 | 0 | | 2500 | ९५,२२५ | | | | | | | |
| 6. | Supervisor, Cleaning | 2 | 0 | | 2500 | ९५,२२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १२ गते (28 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.** श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी चोक city square बाट ज्ञान संसार स्कुल हुँदै महादेवटार जाने बाटो,सृजनटोलसँगै काठमाडौं
Tel : 01- 4982296 | 01- 49887207 | E-mail : pro@anjalioverseas.com.np

मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय

# सुझबुझपूर्ण निर्णय गर्ने कि ?

प्रधानमन्त्री केपी शर्मा ओली भारत भ्रमणको तयारीमा छन् । भदौ १ मा काठमाडौं आएका भारतीय विदेश सचिव विक्रम मिस्रीले भारत भ्रमणको औपचारिक निमन्त्रणापत्र दिएका थिए । मिति तय नभए पनि अहिलेसम्मको तयारी हेर्दा, प्रधानमन्त्री ओली भदौको अन्तिम साता भारत भ्रमणमा जान सक्ने सम्भावना छ । जसका लागि प्रधानमन्त्री कार्यालयले भ्रमणको तयारी गरिरहेको छ । भ्रमणको तालिका, स्थान र एजेन्डाका लागि दुवै देशको परराष्ट्र तहबाट छलफल भइरहेको छ ।

अहिलेसम्मको तयारीअनुसार भ्रमण दुईदिने हुन सक्छ । सँगै, प्रधानमन्त्री ओलीको भ्रमण, भारतको राजधानी दिल्ली नभई बोधगयामा हुन सक्छ । जुन निकै अर्थयुक्त छ । यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि बुद्ध जन्मस्थल लुम्बिनीमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासँग वार्ता गरेका थिए । बुद्धको जन्म लुम्बिनीमा भएको थियो भने उनले ज्ञान बोधगयामा प्राप्त गरेका थिए । जसका आधारमा ओलीको भ्रमणलाई धार्मिक र सद्भावको अर्थबाट पनि हेर्न सकिन्छ ।

तर सुरुवाती तयारी निकै सद्भावयुक्त देखिँदा दिल्लीमा नेपालको सन्दर्भलाई लिएर भारत र चीनबीच अनौठो समझदारी बनेको छ । प्रधानमन्त्री ओलीको भारत भ्रमणकै मुखमा भारतले चिनियाँ पक्षलाई बोलाएर नेपाली भूमि लिपुलेकबारे विशेष सहमति गरेको छ । मंगलबार (भदौ २ मा) भारतीय विदेशमन्त्री एस जयशंकर र चिनियाँ विदेशमन्त्री वाङ यीबीच नेपाली भूमि लिपुलेकलाई सीमा व्यापारका लागि प्रयोग गर्ने सहमति गरिएको हो । दुई देशको विदेश मन्त्रालय तहमा भएको सहमतिपछि जारी गरिएको विज्ञप्तिअनुसार अब लिपुलेक पासलाई सीमा व्यापार गर्ने केन्द्रका रूपमा अघि बढाइनेछ ।

लिपुलेक नेपाली भूमि हो । ओली प्रधानमन्त्री भएकै बखत २०७७ मा लिपुलेक, कालापानी र लिम्पियाधुरासहितको भू-भागलाई समेटेर नेपालको अद्यावधिक प्रशासनिक तथा राजनीतिक नक्सा जारी गरिएको थियो । यद्यपि जुन क्षेत्रमा भारतले सेना परिचालन गरी कब्जा जमाउँदै आएको छ । नक्सा जारी भए पनि नेपालले आफ्नो भूमिलाई प्रयोगमा ल्याउन सकेको छैन । तर यस्तोमा नेपालकै उत्तरी छिमेकी देश चीनसँग मिलेर भारतले उक्त भूभागलाई आफ्नै भएको दाबी गर्ने गरी व्यापार सम्झौता गरेको छ । एकातिर प्रधानमन्त्री ओलीलाई भारत भ्रमणको निम्ता र अर्कोतर्फ नेपालकै अस्मितामाथि प्रश्न उठाउनेगरी गरिएको व्यवहारप्रति सचेत हुनु आवश्यक देखिन्छ ।

भारत र चीनसहित सबै छिमेक तथा मित्रराष्ट्रसँग विश्वासको सम्बन्ध बनाउनु नेपालका लागि आवश्यक छ । सबैसँग सौहार्दता पनि आवश्यक छ । तर भारतीय पक्षले देखाएको शैलीले भने नेपाललाई अपमानित गरेको छ । एकातिर निम्ता ल्याउँदा विदेश सचिवले देखाएको 'उपरखुट्टी व्यवहार' र अर्कोतिर भ्रमणकै मुखमा चिनियाँ पक्षलाई बोलाएर गरिएको सम्झौता सामान्य छैन । जसप्रति सचेतता अपनाउँदै भ्रमणकै विषयमा पनि सोचिनुपर्छ । संविधान जारीपछि भारतीय पक्षले नाकाबन्दी लगाउँदा प्रधानमन्त्री ओलीले नाकाबन्दी नहटाई भ्रमण नगर्ने सर्त राखेका थिए । यतिबेला भ्रमणको अन्तिम समय नेपाललाई अपमान गर्नेगरी गरिएको व्यवहार सच्याउन कूटनीतिक रूपमा भूमिका खेलिनुपर्छ । त्यो प्रधानमन्त्री स्वयंका लागि मात्रै होइन, देशकै लागि महत्वपूर्ण छ ।

# वृद्धवृद्धाको सुरक्षाको सवाल

*जीवनभर समाज र राष्ट्रलाई योगदान दिएका वृद्धवृद्धाले अन्तिम समय सम्मान, सुविधा र सुरक्षासहित बाँच्ने अधिकार पाउनुपर्छ...*

अग्रलेख



● लक्ष्मण सिटौला

वृद्धवृद्धाको सुरक्षा आधुनिक समाजको एउटा संवेदनशील र महत्वपूर्ण विषय हो । जीवनका प्रत्येक चरणका आफ्ना विशेषता हुन्छन् तर वृद्धावस्था त्यस्तो अवस्था हो जहाँ मानिस शारीरिक, मानसिक, सामाजिक र आर्थिक रूपमा विशेष हेरचाह र सुरक्षाको आवश्यकता हुन्छ । जीवनभर समाज र राष्ट्रलाई योगदान दिएका वृद्धवृद्धाले अन्तिम समय सम्मान, सुविधा र सुरक्षासहित बाँच्ने अधिकार पाउनुपर्छ । तर, संसारका विभिन्न देशहरूले यसलाई कस्तो रूपमा प्राथमिकता दिएका छन् भन्ने कुरा फरक-फरक छ । विकसित मुलुकहरूले वृद्धावृद्धाको सुरक्षालाई आफ्नो नीतिगत मूल स्तम्भका रूपमा लिएका छन् भने नेपालजस्ता मुलुकमा यो अझै पनि चुनौतीपूर्ण र अपूरो अभ्यासमा सीमित छ ।

युरोपका धेरै देशमा वृद्धावस्था सुरक्षाको अभ्यास व्यवस्थित र दीर्घकालीन योजनामा आधारित छ । जर्मनी, डेनमार्क, नेदरल्यान्ड्स, फ्रान्स वा स्विडेनजस्ता मुलुकले वृद्धवृद्धाको जीवनलाई सहज र सम्मानित बनाउन सामाजिक सुरक्षा प्रणालीलाई दिगो बनाएका छन् । त्यहाँ कामकाजी उमेरमा कर तिर्ने प्रत्येक नागरिकले वृद्धावस्थामा पेन्सन पाउने व्यवस्था हुन्छ । पेन्सन मात्र होइन, स्वास्थ्य सेवा, आवास, दैनन्दिन हेरचाह र सामाजिक जीवनमा सहभागी हुने अवसर पनि उपलब्ध हुन्छ । युरोपमा वृद्धवृद्धाको मानसिक स्वास्थ्यलाई पनि उत्तिकै महत्व दिइन्छ । धेरै देशमा डे-केयर सेन्टर, सामुदायिक क्लब, मनोरञ्जनात्मक गतिविधि र स्वयंसेवा कार्यक्रम सञ्चालन हुन्छन् । यसले वृद्धवृद्धालाई निष्क्रिय होइन, अझै समाजको सक्रिय सदस्यका रूपमा जीवन बिताउन प्रेरित गर्छ ।

अमेरिकाको सन्दर्भमा वृद्धवृद्धा सुरक्षाको नीति सामाजिक सुरक्षा प्रणालीमा आधारित छ । अमेरिकी सरकारले 'सोसियल सेक्युरिटी' नामक कार्यक्रममार्फत वृद्धावस्थामा पेन्सन प्रदान गर्छ । यसका लागि मानिसहरूले आफ्नो कामकाजी जीवनमा कर तिर्नुपर्छ, जुन पछि पेन्सनको रूपमा फिर्ता हुन्छ । त्यसबाहेक मेडिकेयरजस्ता स्वास्थ्य बिमा योजनाले वृद्धवृद्धालाई आवश्यक स्वास्थ्य सेवामा पहुँच दिलाउँछन् । अमेरिकामा परिवार संरचना युरोपमा जस्तै न्युक्लियर परिवारमा आधारित भएकाले वृद्धवृद्धालाई परिवारभन्दा बढी राज्य र निजी संस्थाले सहयोग गर्छन् । त्यहाँ वृद्धाश्रम, होम-केयर सेवा, व्यक्तिगत सहायक र सामुदायिक हेरचाह प्रणाली विकसित छ ।

जापान वृद्धवृद्धाको सुरक्षामा विशेष अध्ययन गर्नुपर्ने देश हो । जापानमा विश्वमै सबैभन्दा बढी वृद्ध जनसंख्या छ किनकि त्यहाँको औसत आयु नै विश्वमा सबैभन्दा बढी छ । वृद्धवृद्धाको संख्या बढेसँगै जापानमा उनीहरूको सुरक्षालाई प्रमुख प्राथमिकतामा राखिएको छ । जापानी सरकारले पेन्सन प्रणाली, निःशुल्क वा सस्तो स्वास्थ्य सेवा, वृद्धाश्रम, होम-केयर र रोबोटिक सहयोगजस्ता आधुनिक प्रविधि प्रयोग गरेर वृद्धवृद्धालाई सहयोग गर्दै आएको छ । जापानी समाजमा वृद्धप्रतिको आदर संस्कृतिगत रूपमा गहिरो छ, जसले परिवार र समाज दुवैलाई उनीहरूको सुरक्षा र सम्मानमा जोडिएको देखाउँछ । वृद्धवृद्धालाई सामाजिक रूपमा सक्रिय राख्ने कार्यक्रम, दैनिक जीवनका लागि सहायक प्रविधि र आत्मनिर्भर जीवन बिताउन सक्ने उपायहरूको प्रयोग जापानको विशेषता हो ।

तर नेपालजस्ता मुलुकको सन्दर्भमा हेर्दा अवस्था धेरै भिन्न छ । परम्परागत संयुक्त परिवार संरचनाले अतीतमा वृद्धवृद्धाको प्रमुख सुरक्षा प्रणालीका रूपमा काम गरेको थियो । परिवारका सदस्यहरूले नै वृद्धवृद्धाको हेरचाह गर्ने परम्परा बलियो थियो । तर पछिल्ला वर्षहरूमा सहरीकरण, वैदेशिक रोजगारी र आधुनिक जीवनशैलीका कारण यो



संरचना कमजोर हुँदै गएको छ । धेरै वृद्धवृद्धा गाउँघरमा एक्लै बस्न बाध्य छन् । यसले उनीहरूलाई आर्थिक मात्र होइन, भावनात्मक र सामाजिक रूपमा पनि असुरक्षित बनाएको छ ।

राज्यले सामाजिक सुरक्षा भत्तामार्फत वृद्धवृद्धालाई केही सहयोग गर्ने प्रयास गरेको छ । ६८ वर्ष नाघेका वृद्धवृद्धाले मासिक भत्ता पाउँछन् तर उक्त भत्ता जीवन निर्वाहका लागि पर्याप्त छैन । ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच कमजोर छ, जसले गर्दा वृद्धवृद्धाले आवश्यक उपचार नपाई दुःख पाउने अवस्था छ । कतिपय अवस्थामा वृद्धवृद्धा आफ्नै परिवारले उपेक्षा गरेका कारण वृद्धाश्रममा पुगेका हुन्छन् ।

नेपालले विकसित मुलुकबाट धेरै कुरा सिक्न सक्छ । पहिलो, वृद्धवृद्धाको सुरक्षा केवल भत्ता वा वृद्धाश्रममा सीमित गर्नुहुँदैन । दीर्घकालीन सामाजिक सुरक्षा प्रणाली बनाउनुपर्छ । यसमा कामकाजी जीवनमा कर वा योगदान दिने प्रणाली विकास गरेर वृद्धावस्थामा पेन्सन उपलब्ध गराउन सकिन्छ । युरोप र अमेरिकाको सामाजिक सुरक्षा प्रणाली यसका लागि उत्कृष्ट उदाहरण हुन् ।

दोस्रो, स्वास्थ्य सेवा पहुँचयोग्य र प्रभावकारी बनाउनुपर्छ । वृद्धवृद्धाको विशेष रोगहरूको उपचार सजिलो बनाउन गाउँगाउँमा प्राथमिक स्वास्थ्य सुविधा र मोबाइल स्वास्थ्य सेवा सुरु गर्न सकिन्छ । जापानजस्तै प्रविधिको उपयोग गरेर टेलिमेडिसिन वा घरमै उपचार उपलब्ध गराउने अभ्यास गर्न सकिन्छ ।

तेस्रो, मानसिक र सामाजिक सुरक्षालाई पनि प्राथमिकता दिनुपर्छ । वृद्धवृद्धाले आफ्नो जीवनलाई केवल भौतिक हिसाबले मात्र होइन, भावनात्मक हिसाबले पनि सुरक्षित महसुस गर्नुपर्छ । यसका लागि सामुदायिक केन्द्र, डे-केयर सुविधा, सांस्कृतिक कार्यक्रम र स्वयंसेवा गतिविधि सञ्चालन गर्न सकिन्छ । युरोपमा जस्तै वृद्धवृद्धाले आपसमा भेटघाट गर्ने, समय बिताउने र समाजसँग जोडिने अवसर पाउनुपर्छ ।

चौथो, कानुनी सुरक्षा बलियो बनाउन जरुरी छ । वृद्धवृद्धामाथि हुने सम्पत्ति हडप्ने, उपेक्षा गर्ने वा हिंसात्मक व्यवहार गर्ने घटना नेपालमा बढिरहेका छन् । यसलाई रोक्न कडा कानुनी व्यवस्था र कार्यान्वयन

> *विकसित मुलुकहरूले वृद्धावस्थामा मानिसलाई सुरक्षित, सम्मानित र सक्रिय जीवन बिताउने व्यवस्था गरेका छन् । नेपालले पनि आफ्ना सांस्कृतिक विशेषता जोगाउँदै, त्यस्ता देशको अभ्यासबाट प्रेरणा लिएर दीर्घकालीन नीति र संरचना बनाउन सके वृद्धवृद्धाले सुखमय जीवन बिताउन सक्नेछन्...*

आवश्यक छ । वृद्धवृद्धाको अधिकार संरक्षणका लागि छुट्टै ऐन, प्रहरीमा सजिलो उजुरी प्रणाली र कानुनी सहायता उपलब्ध गराउन सकिन्छ ।

पाँचौं, परिवार र समाजको भूमिकालाई सुदृढ गर्नुपर्छ । नेपालमा अझै पनि वृद्धलाई भगवानजस्तै मान्ने सांस्कृतिक मूल्य बाँकी छ । तर व्यवहारमा त्यो सम्मान प्रायः कम देखिन्छ । यसलाई पुनःजागृत गर्न शिक्षा, सचेतना र सामाजिक अभियान आवश्यक छ । छोराछोरी विदेशमा भए पनि समाज वा स्थानीय संस्थाले वृद्धवृद्धालाई सक्रिय जीवन बिताउन सहयोग गर्ने व्यवस्था हुनुपर्छ ।

यसरी हेर्दा, वृद्धवृद्धाको सुरक्षा कुनै एउटा पक्षको जिम्मेवारी होइन, यो राज्य, समाज र परिवार सबैको साझा दायित्व हो । विकसित मुलुकहरूले वृद्धावस्थामा मानिसलाई सुरक्षित, सम्मानित र सक्रिय जीवन बिताउने व्यवस्था गरेका छन् । नेपालले पनि आफ्ना सांस्कृतिक विशेषता जोगाउँदै, त्यस्ता देशको अभ्यासबाट प्रेरणा लिएर दीर्घकालीन नीति र संरचना बनाउन सके वृद्धवृद्धाले सुखमय जीवन बिताउन सक्नेछन् ।

समग्रमा, वृद्धवृद्धाको सुरक्षा कुनै दया वा दानको कुरा होइन, यो जीवनभर योगदान दिएका मानिसको आधारभूत अधिकार हो । युरोप, अमेरिका र जापानजस्ता विकसित मुलुकले देखाएको बाटो नेपालजस्ता मुलुकले अपनाउन सके मात्र वृद्धवृद्धाको जीवनलाई सुरक्षित, सम्मानजनक र अर्थपूर्ण बनाउन सकिन्छ । सभ्य समाजको परिचय नै वृद्धवृद्धालाई दिइने सम्मान र सुरक्षामा प्रकट हुन्छ ।

## इतिहासमा आज

२१ अगस्ट १९९४ मा रोयल एयर मारोक फ्लाइट ६३० मोरक्कोको डुअर इजौनिनमा दुर्घटनाग्रस्त भएको थियो । जसमा सवार सबै ४४ जनाको मृत्यु भएको थियो ।




२१ अगस्ट २००० मा अमेरिकी गोल्फर टाइगर वुड्सले ८२ औं पीजीए च्याम्पियनशिप जितेका थिए । जुन जितपछि उनी एक वर्षमै तीन प्रमुख उपाधि जित्ने पहिलो गोल्फर बने ।



२१ अगस्ट १९८३ मा फिलिपिन्सका विपक्षी नेता बेनिग्नो एक्विनो जुनियरको मनिला अन्तर्राष्ट्रिय विमानस्थलमा हत्या गरिएको थियो । अहिले उनको सम्मानमा निनोय एक्विनो अन्तर्राष्ट्रिय विमानस्थलको नाम परिवर्तन गरिएको छ ।



२१ अगस्ट १९८६ मा क्यामरुनको ज्वालामुखी ताल न्योसबाट कार्बन डाइअक्साइड ग्यास विस्फोट भएको थियो । जसले २० किलोमिटर (१२ माइल) दायराभित्र १ हजार ८०० जनाको ज्यान लिएको थियो ।



# माडीभित्र अधिकारको लडाइँ

विचार



● नारायणप्रसाद पौडेल

> *नेपालमा ठुला-ठुला राजनीतिक परिवर्तन भए, संविधान फेरियो, ती परिवर्तनले पालैपालो शासक फेरिए तर वन/निकुञ्ज ऐन/कानुन अझै पनि नफेरिँदा माडीलगायतका नागरिक आज पनि समस्या छन् । कहिले कसको विरुद्ध त कहिले कसको विरुद्ध निरन्तर संघर्षमा उत्रिन बाध्य छन्...*

उपत्यका भन्नेबित्तिकै हामीले झट्ट बुझ्ने भनेकै चारैतिरबाट पहाडले घेरेको बिचको समथर मैदान हो । उपत्यकाको प्राकृतिक या भौगोलिक परिभाषा पनि यस्तै नै हो र भौगोलिक हिसाबले माडीसँग त्यो उपत्यकाको गुण र सौन्दर्यता त छँदै छ, त्यसमाथि यो धार्मिक र पौराणिक उपत्यका पनि हो । हामीलाई गर्व लाग्छ, म माडीको खास बासिन्दा हुँ भन्नुमा । योभन्दा माथि अझै अर्को हिसाबले पनि माडी उपत्यका हो, त्यो हामी जस्तै मानिसले बनाएको परिवर्तनशील ऐन/कानुनको उपत्यका जुन दुई फरक कानुनले समानान्तर शासन व्यवस्था सञ्चालन गर्छन् । एउटा सरकारले नेपालको संविधान, २०७२ अनुसार शासन गर्छ भने अर्को छोटे सरकारले वन/निकुञ्ज ऐन, २०२९ अनुसार शासन सञ्चालन गर्दछ । माडीलाई एउटा निसास्सिँदो घेरामा राखी उपत्यका बनाइएको छ, जहाँ प्रवेश आज्ञा लिएर मात्रै आवतजावत गर्नुपर्दछ । अनि ठुलो सरकारले छोटे सरकारलाई कर तिरेर आफ्नो भूमि उपयोग गर्नुपर्दछ, त्यो पनि अड्कलेको मानो खादाझैं ।

नेपालमा ठुला-ठुला राजनीतिक परिवर्तन भए, संविधान फेरियो, ती परिवर्तनले पालैपालो शासक फेरिए, वन/निकुञ्ज ऐन/कानुन अझै पनि नफेरिँदा माडीलगायतका नागरिक आज पनि समस्या छन् । कहिले कसको विरुद्ध त कहिले कसको विरुद्ध निरन्तर संघर्षमा उत्रिन बाध्य छन् । हामीलाई थाहा छ कुनै 'बफरजोन' कार्यालय जलाएर या कुनै संरक्षण अधिकारीलाई भट्टे सराप गरेर या 'बफरजोन' फालेर मात्रै पनि हाम्रो अन्तिम लडाइँ टुंगिदैन र यी सबै हाम्रा क्षणिक आवेग हुन् । हाम्रो वास्तविक निकास २०२९ को वन/निकुञ्ज ऐनको जनमुखी संशोधन नै हो । यति जान्दा-जान्दै पनि हामी एक अर्कालाई कुनै न कुनै हिसाबले कमजोर साबित गराएर आफू बलियो क्रान्तिकारी बन्ने र जनताको प्यारो मै मात्र हुँ भन्ने भान पार्ने होडबाजी चलाइरहेकै छौं । यो जो कसैले गरे पनि गलत नै छ ।

माडी अहिले गहिरो त्रासमा छ । एउटा सामान्य किसानलाई कतै अपराधी घोषित गर्ने हुन् कि भन्ने त्रास हामी सबैमा छ । लेखकको हैसियतले किसान हरि श्रेष्ठको रिहाइका लागि अपिल गर्दछु । हामी सबै आआफ्नो ठाउँबाट आआफ्नै शैलीमा श्रेष्ठको रिहाइका लागि ऐक्यबद्धता जनाइरहेका छौं । कसैले आफ्नै क्षमता प्रयोग गरिरहेका छौं, कसैले बाह्य क्षमताहरूको पनि केन्द्रीकरण गर्दै श्रेष्ठको रिहाइका लागि आवाजमा आवाज थपिरहेका छौं । यी सबैलाई बिना दाउपेच, सम्मान गरौं । तर अझै हामीले गरी पुर्‍याउन पर्ने के छ भने समय नबित्दै माडीका मूल जनप्रतिनिधि र राजनीतिक दलका नेतृत्वको प्रतिनिधिमूलक टोलीले निकुञ्ज प्रशासनसँग सौहार्द छलफल गरी कृषक हरि श्रेष्ठको रिहाइसँगै निकुञ्ज प्रशासनको व्यावहारिक लचकताले मात्रै निकुञ्ज र माडीवासी बीचको असमझदारी कम हुने र संरक्षणमा थप सहयोग हुने कुरा स्थापित गर्नुपर्छ । यो घटना विशेष कुरा मात्र हो, तर फेरि पनि अन्तिम निकास ऐन संशोधन, त्यो पनि जनमुखी संशोधन नै हो र यसमा कहीँ सम्झौता गरिनुहुँदैन ।

आज सबै राजनीतिक दलहरूले पनि सोच्नुपर्ने दिन आएको छ । 'बफरजोन' निर्वाचनसँग जोडिएका जनताका भ्रम चिर्न र 'बफरजोन'मा मेरो दलको प्रतिनिधित्व किन भन्ने कुराको जवाफ जनतालाई दिन सक्ने हुनुपर्छ । निकुञ्ज ऐनको जनमुखी संशोधनबेगर हामीले कुनै 'बफरजोन'को चुनाव बहिस्कार या खारेज मात्रैको खास सकारात्मक असर भोग्न पाइन्छ भन्ने भ्रमबाट हामी मुक्त हुन जरुरी छ । यो आन्दोलनको या दबाबको एउटा झिनो साधन हुन् सक्छ, तर निकास होइन । राजनीतिक दलहरूले अहिले 'बफरजोन'लाई कसरी जनताको हित र निकासको दीर्घकालीन मुद्दासँग जोड्ने भन्ने रणनीतिक उपयोगको योजना निर्माण गरी आफ्ना प्रतिनिधिहरूलाई वन्यजन्तु संरक्षणसँगै जनताका मुद्दा पनि स्थापित गर्नेगरी अगाडि बढ्न स्पष्ट निर्देशन दिइनुपर्छ । जसरी पञ्चायतविरुद्ध पञ्चायतकै सदनमा बसेर हाम्रा जनपक्षीय प्रतिनिधिले आवाज घन्काउँथे ।

आजसम्म हाम्रा जनप्रतिनिधिहरूले आफ्ना सदनहरूमा कहिले र कति यो मुद्दामा ध्यानाकर्षण गराउनुभयो, हामी जनताले हाम्रा जनप्रतिनिधिलाई संशोधनका पक्षमा सदन र सरकारको ध्यानाकर्षण गर्न कति सुझाव गर्‍यौं भन्ने कुराको पनि मूल्यांकन गर्दै आजसम्म जे भयो त्यसलाई सच्याउँदै अगाडि बढ्नुपर्छ । त्यसबेला जनताको आवाज र काम आफ्नो परिभाषित जिम्मेवारीअनुसार नबोल्ने र नगर्ने अनि गोहीका आँसु झारेर जनता झुक्क्याउने जनप्रतिनिधि जनताको मूल्यांकनको कसीमा नापिनु नै पर्छ ।

जनताको तहबाट निरन्तर खबरदारी गर्नुपर्छ, खबरदारीलाई व्यवस्थित गर्न स्थानीय जनप्रतिनिधिको अझै सक्रिय र महत्वपूर्ण नेतृत्वदायी भूमिका देख्न पाइयोस् । हामीजस्तै पीडामा भएका अन्य पालिकासमेतको साझा आन्दोलन बनाउनेगरी नेतृत्व लिन स्थानीय सरकारलाई अपिल गर्दै हामी सबै खाले अभियन्ता मिडियाकर्मी जसले माडीको निकासको आन्दोलन चलाइरहेका छौं । हाम्रो पनि आफ्नो सीमाभित्र रही हामीभन्दा अगाडिको लाइनमा हुनुपर्ने दलीय संरचना र त्योभन्दा अगाडि हुनुपर्ने जनप्रतिनिधिलाई अगाडि स्विकारेर हाम्रा अभियान र खबरदारी निरन्तर गरौं । हामी भुइँ मान्छेहरूलाई जस चाहिएको छैन, काम चाहिएको छ ।

**(लेखक पौडेल, माडी बहुमुखी क्याम्पसका उपप्राध्यापक हुन् ।)**

## सामाजिक सञ्जाल



**सेतेमान तामाङ**

महाभियोग नै लगाउने भए उपसभामुख इन्दिरा रानालाई मात्र नभइ अख्तियार प्रमुख प्रेम राईलाई पनि लगाऊ । इन्दिरा रानामाथि पहिला छानबिन गर्न जरुरत छ, दोषी प्रमाणित भए महाभियोगको विकल्प हुँदैन, अदालतले भ्रष्ट्राचारमा संलग्नता भनी छानबिनको लागि आदेश गरेको राईलाई महाभियोग किन लगाउँदैन ।



**डम्बर खतिवडा**

शासक वर्ग र दल तिमिहरू नै हौ, संसदमा तिमिहरू नै छौं । विश्वास नभए न्यायालयको संरचना, कार्य प्रक्रिया, न्यायाधीश नियुक्ति मापदण्ड र सम्बद्ध ऐन कानुन परिमार्जन गर, नत्र अदालतलाई काम गर्न देऊ । आफू अनुकूल भए 'न्याय मरेको छैन' र प्रतिकुल भए 'राजनीति प्रतिशोध' भन्ने घटिया काम कसैले नगर ।



**केपी ढुंगाना**

पुराना दलले केही गर्नै सकेन भन्ने गलत भाष्य निर्माण गरियो भन्ने कांग्रेस-एमालेले ल हेर हामीले गरेको भनेर उपसभामुख हटाउन खालि कागजमा हस्ताक्षर गर्न लगाएछन् । त्यो हस्ताक्षर प्रयोग हुनु पर्ने चाहीँ अदालतको न्यायिक टिप्पणीमा परेका अख्तियार प्रमुख आयुक्तविरुद्ध हो ।



**तारानाथ दाहाल**

देशमा लोकतान्त्रिक अधिकारहरू संकुचनमा पारिँदै गएका छन् । खासगरी नेपाली समाजलाई 'कन्जरभेटिभ बाटो'मा धकेल्ने काम भइरहेको छ । प्रगतिशील उदारवादमाथिको आक्रमणमा सचेत हुनुपर्ने युवा पंक्ति देशभित्र छैन, जो छन्, ती सत्ताका पिछलग्गु मात्र छन् । सचेत नागरिक-बौद्धिक पंक्तिको खडेरी नै पर्‍यो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# यमुनामाई गाउँपालिकाका जनप्रतिनिधि धर्नामा, गाउँसभा अनिश्चित

**धर्मेन्द्र कुमार साह/मध्यान्ह**
रौतहट, ४ भदौ



गाउँसभाको पूर्वसन्ध्यामा रौतहटको यमुनामाई गाउँपालिकाका जनप्रतिनिधिहरूले कार्यपालिका भवन अगाडि धर्ना सुरु गरेका छन् । यमुनामाई गाउँपालिका वडा नम्बर २ का वडाध्यक्ष सिताराम यादवको नेतृत्वमा करिब २१ जना जनप्रतिनिधिहरूले कार्यालय अगाडि धर्ना तथा प्रदर्शन सुरु गरेका हुन् । यसले ६ गतेका लागि प्रस्तावित गाउँसभा समेत अनिश्चित बनेको छ ।

वडाध्यक्ष यादवले भने, 'हामीले विभिन्न १३ बुँदे माग राखेर आन्दोलनमा छौं । कुल निर्वाचित २९ जना प्रतिनिधिमध्ये २१ जना हामी आन्दोलनमा छौं । नगर प्रमुखले बलजवरदस्ती नगरसभा गर्न चाहे पनि हामी प्रतिकार गर्छौं ।'

यादवले पालिका अध्यक्ष शेख इर्शादाले प्रमुख प्रशासकीय अधिकृतसँग मिलेर अनियमितता गर्ने उद्देश्यले काम गरिरहेको आरोप लगाए ।

उनका अनुसार पालिकामा पारदर्शिता, मितव्ययिता तथा जवाफदेहिता कायम गर्न आन्दोलन आवश्यक छ । प्रदर्शनकारीले आर्थिक वर्ष २०७९ देखि २०८२ सम्मका गाउँसभाका निर्णय, कार्यपालिका बैठकको माइनुट, रातोकिताब, सर्शत अनुदान, सम्पूर्ण बजेट योजनाका कागजात, बैंक स्टेटमेन्ट र लेखा परीक्षण प्रतिवेदनसमेतको प्रमाणित प्रतिलिपि माग गरेका छन् । साथै, स्थायी, करार र दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूको नियुक्ति प्रमाणित प्रतिलिपि, अनलाइन टेन्डर र अनलाइन बिडिङ प्रणाली लागू गर्न, गाउँपालिकाभरि प्रत्येक व्यक्तिलाई स्वास्थ्य बीमा गर्न, गाउँपालिकास्तरीय अस्पताल तत्काल स्थापना गर्न, स्थानीय जनताले प्रयोग गरेका विद्युत् महसुल नलिनुपर्नेलगायतका १३ बुँदे माग राखेका छन् ।

पालिका अध्यक्ष शेख इर्शादले भने, 'वडाध्यक्ष सिताराम यादवको विरोध कुनै नयाँ होइन । हामी सबै माग पुरा गर्न प्रतिबद्ध छौं र गाउँसभामा सबैलाई सहभागी हुन अपिल गर्छौं ।' यमुनामाई गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि गाउँसभा गर्न सकेको छैन । निर्वाचित प्रतिनिधिहरूबीच विवाद रहँदा गाउँसभा हुन सकेको छैन । यसअघि पनि सो पालिकामा विवाद देखिँदै आएको छ ।

# जनउद्धार केन्द्रको पहलमा मलेसियामै इलामका मगरको अन्त्येष्टि

**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, ४ भदौ



इलाम फाकफोकथुम गाउँपालिका-४ का डम्बर कुमार मगरको शव मलेसियामै दाहसंस्कार गरिएको छ ।

विगत १३ वर्षदेखि मलेसियामा अवैधानिक रूपमा कार्यरत मगरको उपचारका क्रममा गत जुलाई ३१ मा पेनाङ अस्पतालमा निधन भएको थियो । उच्च रक्तचाप र मधुमेहका कारण स्वास्थ्य समस्या भोगिरहेका उनको मृत्यु भएपछि शव नेपाल ल्याउनुपर्ने खर्च व्यहोर्न नसक्ने भन्दै आफन्तहरूले मलेसियामै अन्त्येष्टि गर्न आग्रह गरेका थिए ।

त्यसपछि जनउद्धार केन्द्र मलेसियाले आज बिहान मगरको परम्परागत दाहसंस्कार सम्पन्न गरेको जनाएको छ । केन्द्रका अध्यक्ष केसु थापाका अनुसार बिहीबार मृतकको अस्तु समुद्रमा विसर्जन गरिनेछ ।

अध्यक्ष थापाले भर्खरै सम्पन्न तिज विशेष कार्यक्रममा शव विसर्जनका लागि आर्थिक सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै अन्त्येष्टिमा सरिक भएर साथ दिने विराज पुन, श्याम तामाङ, केशव लम्साल र कविराज बोहोरालाई धन्यवाद दिँदै मृतक परिवारप्रति समवेदना व्यक्त गरेका थिए ।

मगर विवाहित थिए । उनका श्रीमती, दुई छोरी र एक छोरा छन् । जनउद्धार केन्द्र मलेसिया त्यहाँ दर्ता भएको पहिलो नेपाली सामाजिक संस्था हो । यस संस्थाले जेल तथा डिटेन्सनमा परेका नेपालीको उद्धारदेखि विभिन्न समस्यामा सहयोग गर्दै आएको छ ।

# १०औं तामाङ ज्ञान महोत्सव बिहीबारदेखि प्रज्ञा प्रतिष्ठानमा हुँदै




**काठमाडौं/मस–** तामाङ समुदायले प्रत्येक वर्ष भदौ ६ गतेलाई तामाङ पहिचान दिवसका रूपमा मनाउँदै आएको छ ।

यही अवसर पारेर आयोजना गरिँदै आएको तामाङ ज्ञान महोत्सव यसपालि आफ्नो एक दशक पूरा गर्दैछ ।

महोत्सव मूल आयोजक समितिका संयोजक निष्णु थिङका अनुसार यस वर्षको महोत्सव भदौ ५ गते बिहीबार र ६ गते शुक्रबार बिहान साढे १० बजेपछि नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीमा हुने भएको छ । कार्यक्रममा भाषा आयोगका पूर्वसदस्य अमृत योन्जन तामाङ र अमेरिकी कर्णेल विश्वविद्यालयकी प्राध्यापक डा. क्याथरिन एस.मार्चले विद्वत प्रवचन दिनेछन् । साथै, १८ वटा कार्यपत्र, तीन वटा समूह छलफल र एक विशेष अन्तरवार्ता प्रस्तुत गरिने आयोजकले जनाएको छ ।

महोत्सवमा तामाङ र गैर तामाङ विद्वानहरुको प्रस्तुतिका साथै विविध विषयमा प्यानल छलफल हुने र ताम्बा र झाँक्री (बोम्बो)हरूले लोकगीत (सेराप) पनि प्रस्तुत गर्ने कार्यक्रम रहेको छ ।

तामाङ पहिचान दिवसको ऐतिहासिक पृष्ठभूमि अनुसार भदौ ६ गते, तत्कालीन प्रधानमन्त्री भीम शमशेरले सुवेदार जङ्गवीर मोक्तान तामाङको अनुरोधपछि नेपालभित्र 'तामाङ' नाम प्रयोग गर्ने आदेश जारी गरेका थिए । यसअघि तामाङ समुदायलाई भोटे, मुर्मी, इसाङ, जाँडे, सें, कागते, लामाभोटे जस्ता विभिन्न नामले अपमानपूर्वक सम्बोधन गर्ने चलन रहेको थियो ।

यसअघिका महोत्सवमा प्रा. महेन्द्र पी. लामा, बैरागी काइँला, सिके लाल, आहुति, डा.मुक्त सिंह लामा, युग पाठक, दिनेशराज पन्तलगायतका विद्वानले विचार राखिसकेका छन् । त्यस्तै, पूर्वमन्त्री शेरबहादुर तामाङ, हितबहादुर तामाङ, गिरिराजमणि पोखरेल र प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले पनि सम्बोधन गरेका थिए ।

# फिलिपिन्सका राष्ट्रपतिसमक्ष राजदूत डा. तिम्सिनाद्वारा ओहदाको प्रमाणपत्र पेस



**मलेसिया/मस–** मलेसियाका लागि नेपालका राजदूत डा. नेत्रप्रसाद तिम्सिनाले फिलिपिन्स गणराज्यका राष्ट्रपति फर्डिनान्ड आर.मार्कोस जुनियरसमक्ष ओहदाको प्रमाणपत्र प्रस्तुत गरेका छन् ।

राजदूत डा. तिम्सिनाले भदौ ३ गते फिलिपिन्सको राजधानी मनिलास्थित मालाकानङ दरबारमा आयोजित विशेष समारोहमार्फत गैरआवासीय राजदूत (असाधारण तथा पूर्णाधिकारी) को रूपमा प्रमाणपत्र बुझाएका हुन् ।

समारोहमा राजदूतसँगै उनकी श्रीमती मीरा भट्टराई तथा नेपाली दूतावासका काउन्सिलर/उप-प्रमुख मुदिता बज्राचार्यको पनि उपस्थिति थियो । त्यस्तै, फिलिपिन्स परराष्ट्र विभागकी सचिव महामहिम मारिया थेरेसा पी.लाजारो तथा राष्ट्रपति कार्यालयका वरिष्ठ अधिकारीहरूसमेत सहभागी थिए ।

प्रमाणपत्र बुझाउने क्रममा राजदूतले नेपालको माननीय राष्ट्रपति रामचन्द्र पौडेलको तर्फबाट राष्ट्रपति मार्कोस जुनियरको सुस्वास्थ्य, खुसी र निरन्तर प्रगतिका साथै फिलिपिन्स जनताको समृद्धिका लागि शुभकामना व्यक्त गरेका थिए । साथै उनले नेपाल-फिलिपिन्स सम्बन्धलाई व्यापार तथा लगानी, कृषि, पर्यटन र विपद् व्यवस्थापनका क्षेत्रमा अझ मजबुत बनाउन सकिने विश्वास व्यक्त गरेका थिए । समारोहपछि राजदूत डा.तिम्सिनाले फिलिपिन्सका राष्ट्रिय नायक डा.जोस रिजालको स्मारकमा माल्यार्पण गरेर श्रद्धाञ्जली अर्पण गरेका थिए ।

सोही दिन अस्ट्रेलिया, इजरायल र माल्दिभ्स गणतन्त्रका राजदूतहरूले पनि आफ्नो ओहोदाको प्रमाणपत्र प्रस्तुत गरेका थिए । नेपाल र फिलिपिन्सबीच सन् १९६० फेब्रुअरी १२ मा कूटनीतिक सम्बन्ध स्थापना भएको हो ।

# धारिलो हतियार प्रयोग गरी युवकको हत्या



**रौतहट/मस–** रौतहट गौरमा धारिलो हतियार प्रहार गरी एक युवकको हत्या गरिएको छ ।

बुधबार दिउँसो गौरस्थित गौरी शंकर क्याम्पस नजिकैको बाँसघारीमा छुरा प्रहार गरी युवकको हत्या गरिएको हो । मृतक राजपुर नगरपालिका वडा नम्बर २ फतुवा महेशपुर निवासी २२ वर्षीय शाबुद्दीन मिया हुन् ।

घटना भए लगतै प्रहरीको टोलीले घाइते अवस्थामा उनलाई अस्पताल पुऱ्याएको थियो । तर उनलाई डाक्टरहरुले मृत घोषणा गरेका थिए ।

प्रहरीले हत्या गरेको अभियोगमा गौर वडा नम्बर ३ बस्ने सोनु (सनोज राम) लाई नियन्त्रणमा लिएको छ । घटनास्थलबाट लागुपदार्थ (गाँजा) र वाटर गण समेत फेला परेकोले दुई जनाले नै गाँजा सेवन गरेको र विवाद हुँदा हत्या भएको हुनसक्ने अनुमान गरिएको छ । यसैबीच मृतकका आफन्तहरूले जिल्ला प्रहरी कार्यालय अगाडि न्यायको माग गर्दै प्रदर्शन गरेका छन् । अबिलम्ब न्याय पाउनको लागि भन्दै स्थानीयहरुले जिल्ला प्रहरी कार्यालय अगाडि प्रदर्शन गरेका हुन् ।

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**

## Saljhandi Sandhikharka Dhorpatan Road Project

**Sandhikharka, Arghakhanchi**

## Invitation for Bids

**Notice No: SSDRP/01/082/83**
**Date of Publication: 2082/05/05 (2025/08/21)**

1. Saljhandi Sandhikharka Dhorpatan Road Project, Sandhikharka, Arghakhanchi invites Open Competitive Bidding from eligible Nepali bidders for the construction of following works under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

| S. N. | Contract Number | Description and location of Works | AACT NRs. (Million) | Bid Security Amount NRs(Million) | Specific Experience NRs (Million) | Fee for bid document (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | SSDRP/337011384/082/83/01 | Road upgrading works of Chorkatte –Khanadaha section(Ch:53+740 to Ch:54+260) and Dhungade-Giddhapokhari Chowk Section (Ch: 55+030 to Ch:56+620) along Ridi-Balkot-Hansapur-Pyuthan-Surkhet Road (Deurali-Dandakateri-Hansapur Section) (NH-19) to blacktopped standard. | 68 | 1.29 | 27 | 5,000 |
| 2 | SSDRP/337011384/082/83/02 | Road upgrading works of Agerpokhari -Ratanmare (Ch: 62+200 to Ch:63+400) along Ridi-Balkot-Hansapur-Pyuthan-Surkhet Road (Deurali-Dandakateri-Hansapur Section) (NH-19) to blacktopped standard. | 44 | 0.82 | 17 | 5,000 |

2. Submission and Opening:

| Activity | Date | Time | Place |
|---|---|---|---|
| Submission of Bid | Within 2082/06/05 (21st, Sep 2025) | Within12:00 hrs | PPMO's website www.bolpatra.gov.np/egp |
| Opening of Bid | 2082/06/05 (21st, Sep 2025) | At 13:00 hrs | Project Office, Sandhikharka, Arghakhanchi |

3. Bidder must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's website: www.bolpatra.gov.np/egp. Bidders should deposit the Fee of bidding document in the revenue account as specified below and the scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Bank Name | Name of Office | Account Number | Office Code | Revenue Head |
|---|---|---|---|---|
| Rastriya Banijya Bank, Sandhikharka | Saljhandi-Sandhikharka-Dhorpatan Road Project | 1000100200010000 | 337015101 | 14229 |

4. Bids must be valid for a period of **90 days** from bid submission deadline and must be accompanied by Cash Security (should be deposited in Deposit Account No. 3050100102030000, Office Code: 337015101 in the name of District Treasury Comptroller Office, Arghakhanchi (at Rastriya Banijya Bank, Sandhikharka) or Bank Guarantee (issued by A Class commercial Bank), amounting to a minimum values mentioned in the table above, which shall be valid for **30 days** beyond the validity period of the bid.
5. Please refer to the complete set of bidding documents (available at PPMO's website: www.bolpatra.gov.np/egp) for further information.

**Project Manager**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
५ भदौ २०८२ बिहीबार
21 August 2025 Thursday

# दयालु दिदी केकी



**काठमाडौं/मस-** हालैको ब्लकबस्टर चलचित्र 'बोक्सीको घर'पछि अभिनेत्री केकी अधिकारी लगातार व्यस्त बनेकी छिन् । एकपछि अर्को चलचित्र प्रदर्शनको क्रमसँगै अब उनी पुनः नयाँ भूमिकामा दर्शकमाझ आउन लागेकी छन् । आगामी भदौ ६ गते रिलिज हुने चलचित्र 'जनै हराएको मान्छे : सम्बन्धका धागोहरू'मा केकी अधिकारी प्रमुख भूमिकामध्ये एकमा देखिँदै छिन् ।

यस चलचित्रमा उनले अभिनेता विजय बरालको दिदीको पात्र निभाएकी छिन् । चलचित्रमा उनको पात्र घरेलु हिंसाको पीडा सहन बाध्य भएकी देखाइन्छ, तर भाइको जीवन सहज होस् भन्ने चाहनामा उनले आफ्नै दुःख लुकाएर अरुका लागि खुसी सिर्जना गर्ने जिम्मा लिन बाध्य हुन्छिन् ।

ट्रेलरमै देखाइएझैं, जब भाइले दिदीलाई हिंसाको चपेटामा परेको थाहा पाउँछ, त्यसको प्रतिकार गर्न खोज्छ । तर दिदी भने उल्टै भाइलाई कराउँदै आफू अँध्यारोमा बसेर उसलाई उज्यालो दिने चाहनाले यस्तो निर्णय लिएको स्वीकार्छिन् । पात्रको यस जटिलता मार्फत चलचित्रले नेपाली समाजका नारीहरूले भोग्ने वास्तविकता चित्रण गर्ने प्रयास गरेको देखिन्छ ।

केकी अधिकारीले आफूले निभाएको पात्रलाई निकै चुनौतीपूर्ण र यथार्थपरक बताएकी छिन् । उनका अनुसार यो पात्र एउटा गाउँबाट ठूलो सपना बोकेर काठमाडौं प्रवेश गर्ने युवती हो । तर परिस्थितिले उसलाई यति थिच्छ कि आफ्नै सपना पनि बिर्सिन पुग्छे ।

'चलचित्रमा मैले निभाएको पात्र सानो उमेरमै ठूलो सपना लिएर काठमाडौं आएकी हुन्छे,' केकी भन्छिन्, 'तर समय र परिस्थितिले उसको बाटो यति फरक बनाइदिन्छ कि अन्ततः उसलाई आफ्नै सपना के थियो भन्ने पनि सम्झना रहँदैन । आज काठमाडौंमा यस्ता सयौं महिला हुनुहुन्छ । यो चलचित्रमार्फत मैले त्यस्तै एउटा पात्रको पीडा उतार्न खोजेकी छु ।'

चलचित्रमा केकी अधिकारी र विजय बरालसँगै मिरुना मगर, शुशांक मैनाली, भोलाराज सापकोटा, गौरव पहाडी, रियर राई, भावना खपांगी मगर, रुपेश लामा, सुमन थापा लगायतका कलाकारहरूको अभिनय रहेको छ ।

पेपरक्लिप ब्यानरमा निर्माण भएको यो चलचित्रका निर्माता कमल न्यौपाने र विमल न्यौपाने हुन् । कार्यकारी निर्मातामा नारायण तिमिसिना, चुडामणि सिवाकोटी, आरके मानन्धर, सिआर बस्नेत, फिलिप डिसी र जेम्स महाराजन छन् ।

चलचित्रको संगीत थानेश्वर गौतम, अर्जुन पोखरेल, एसडी योगी र प्रसान्त सिवाकोटीले दिएका छन् भने, छायांकन नवीन गुरुङ र सिनेमाटोग्राफी कृष्ण परियारले गरेका छन् । कथा, पटकथा र संवाद भानुभक्त ढकालले लेखेका हुन् ।

मुख्य सहायक निर्देशकमा दिनेशबहादुर राउत छन् भने तर्कराज न्यौपाने, रवीन्द्र नेपाल, मोनिका थापा र आकाश के.सी सहायक निर्देशकका रूपमा कार्यरत छन् । निर्माण नियन्त्रकमा लक्ष्मणराज पौडेल रहेका छन् । चलचित्रको वितरण गोविन्द शाहीको काफिया फिल्मसले गर्नेछ ।

'पूर्णबहादुरको सारंगी' जस्तो अलटाइम ब्लकबस्टर चलचित्रपछि अभिनेता विजय बराल मुख्य भूमिकामा आउन लागेको यो वर्षको पहिलो चलचित्र हो । त्यसैले पनि दर्शकमाझ यस चलचित्रप्रतिको उत्सुकता उच्च देखिएको छ ।


'जनै हराएको मान्छे : सम्बन्धका धागोहरू' केवल मनोरञ्जनको साधन मात्र नभई समाजका अनेकौं महिलाले दैनिक जीवनमा भोग्ने पीडा र संघर्षको दस्तावेज जस्तो देखिन्छ । केकी अधिकारी र विजय बरालको दमदार अभिनयसँगै चलचित्रले दर्शकलाई भावनात्मक रूपमा छोने विश्वास निर्माण टोलीले व्यक्त गरेको छ ।

# 'माग्ने राजा' अस्ट्रेलियाका २५ बढी हलमा प्रदर्शन हुने

**काठमाडौं/मस-** कलाकार केदार घिमिरे (माग्ने बुढा)को मुख्य भूमिका रहेको चलचित्र ' माग्ने राजा' यही भदौ ६ गते शुक्रबारदेखि नेपालसँगै अस्ट्रेलियामा पनि प्रदर्शनमा आउँदैछ ।

अस्ट्रेलियामा थ्रिकेजी इभेन्ट र दृश्य इन्टरटेनमेन्टमार्फत चलचित्र २५ भन्दा बढी हलमा एक सय भन्दा धेरै सोसहित रिलिज हुँदैछ । लामो समयपछि नेपाली चलचित्र त्यहाँ हलमै रिलिज हुन लागेको हो । अग्रिम टिकट बुकिङ खुलेको र सुरुवाती चरणमै उत्साहजनक प्रतिक्रिया आएको वितरक गोविन्द भण्डारीले जानकारी दिए । दृश्य इन्टरटेनमेन्टकी कृष्टि श्रेष्ठका अनुसार उच्च हाइपलाई मध्यनजर गर्दै पर्याप्त सोसहित रिलिज गर्ने तयारी गरिएको हो । त्यहाँ नमस्ते इन्टरटेनमेन्टले पनि वितरणमा सहकार्य गर्दैछ ।

नेपालमा पनि चलचित्रको अग्रिम टिकट बुकिङ सुरु भइसकेको छ । ठुला



मल्टिप्लेक्सहरूले उत्साहजनक सो दिएका छन् भने अझै धेरै हलमा बुकिङ खुल्न बाँकी छ । ट्रेलर र 'सुतेर उठेको पैसामा' गीतले दर्शकमाझ राम्रो चर्चा पाएकाले चलचित्रले सुखद व्यापार गर्ने अपेक्षा गरिएको छ ।

चलचित्रको प्रदर्शन मिति नजिकिँदै गर्दा माग्ने बुढा विद्यार्थी भेटघाटमा समेत सक्रिय छन् । मंगलबार उनले काठमाडौंको मनास्लु कलेज पुगेर विद्यार्थीलाई चलचित्र हेर्न निम्तो दिए र चर्चित गीतमा उनीहरूसँग नाचेका थिए ।

## लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०५/०५

यस सा.व.उ.स बाट संकलित साल गोलिया काठ ७४७.५१ क्यू फिट र साल दाउरा १.२५ चट्टा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

पार्चे सा. वन उपभोक्ता समूह,
वन्दिपुर २, तनहूँ ।

## राहदानी हराएको सूचना

